## पूर्ण इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** दे.पु.नं. ०६७-DF-०००१, ०००२, ०००३, रकम दिलाई भराइपाऊँ, *महेन्द्रमान श्रेष्ठ वि. ए.सी. गार्मेन्ट, नमस्ते ट्राभल्स प्रा.लि. वि. ए.सी. गार्मेन्ट, अशोककुमार अग्रवाल वि. नमस्ते ट्राभल्स प्रा.लि.*

करार ऐन, २०२३ को दफा १८ को उपदफा (२) को देहाय (ग) मा "यस ऐनअन्तर्गतको अन्य कुनै दावीको हकमा मुद्दा गर्नुपर्ने कारण परेको मितिले तीन महिनाभित्र नालेस वा फिराद दिनुपर्ने" भनी करारसम्बन्धी विवादमा सीमित हदम्यादको व्यवस्था भएको देखिन्छ । सो कानूनी व्यवस्थामा प्रयुक्त मुद्दा गर्नुपर्ने कारण परेको मिति भन्ने वाक्यांशले करारसम्बन्धी विवादको वस्तुतथ्यको सूक्ष्म अवलोकन गर्दा वास्तविक रूपमा नै करारका पक्षहरूबीच मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मिति यकीन गर्नुपर्ने कुरालाई औंल्याएको देखिने ।

प्रचलित कानूनमा सम्बद्ध विषयको विवादमा नालेस वा उजूर गर्न भनी कुनै निश्चित् हदम्यादको व्यवस्था भएकोमा सो कानूनअन्तर्गत कानूनी उपचार खोजी अदालतसमक्ष प्रवेश गर्ने पक्षले कानूनद्वारा निर्दिष्ट सो हदम्यादको अनुशरण गरेर मात्रै कानूनी उपचार खोज्नु पर्दछ । अदालतले पनि त्यस्तो विवादमा सर्वप्रथम हदम्यादसम्बन्धी प्रश्नलाई निरोपण गरी त्यस्तो फिराद सो हदम्यादभित्र दायर भए नभएको कुरा यकीन गरी हदम्यादभित्रै दर्ता भएको देखिन आएमा मात्र विवादको तथ्यभित्र प्रवेश गरी सम्बद्ध कानून र प्रमाणका आधारमा न्याय निरोपण गर्नुपर्छ । त्यसैले हदम्यादको विषय मुद्दाको कुनै पक्षले आफ्नो ईच्छाअनुकूल संकुचित वा विस्तार गर्ने विषय नभई यो विशुद्ध विधायिकी कानूनद्वारा निर्दिष्ट भई प्राप्त हुने कानूनी हक हो । यस्तो हकलाई कुनै पक्षको अनुकूल वा प्रतिकूल हुने गरी व्याख्या गर्न पनि मिल्दैन । कानूनमा हदम्यादको विषय जे जुन रूपमा र जसरी प्रयुक्त भएको छ, अदालतले पनि सो सम्बन्धी कानूनी प्रावधानको व्याख्या कानूनी शब्दको अर्थ र उद्देश्यअनुरूप मात्रै गर्नुपर्ने ।

हदम्याद नाघी दायर भएको प्रस्तुत फिरादबाट वादी प्रतिवादीबीच सिर्जित अन्य तथ्यगत विवादको विषयमा प्रवेश गर्न र सो सम्बन्धमा अदालतले ठहर निर्णय गर्नु कानून र न्यायसँगत् देखिन आउँदैन । अतः हदम्यादको अभावमा फिराद दावी खारेज हुने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६७-WO-०८०१, परमादेश, *उर्मीला भट्टराई वि. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय बल्खु समेत*

त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २१७ मा "प्रथम खण्डका पाठ्यांशहरूको अध्ययन पूरा भई परीक्षार्थीको सूचीमा समाविष्ट भइसकेका विद्यार्थीहरू परीक्षामा अनुपस्थित भएमा वा अनुत्तीर्ण भएमा उक्त तहको द्वितीय खण्डको कक्षामा प्रवेश पाउनका लागि अन्यथा तोकिए बाहेक योग्य हुनेछन्" भन्ने उल्लेख भएको देखिन्छ । नियममा भएको उपरोक्त व्यवस्थाबाट द्वितीय खण्डमा प्रवेश पाउनको लागि प्रथम खण्डको अध्ययन पूरा गर्नुका साथै परीक्षार्थीको सूचीमा समाविष्ट हुनु अनिवार्य देखिन आउँछ । निवेदिकाले बि.एड. प्रथम वर्षको लागि त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट निर्धारित गरिएको परीक्षा फाराम भर्ने अवधिभित्र आवेदन फाराम भर्न नसकेको भन्ने तथ्यलाई निवेदनपत्रमै स्वीकार गरेको देखिएकोले उक्त नियमबमोजिम प्रथम खण्डको परीक्षार्थीको सूचीमा नै समावेश नभई द्वितीय र तृतीय खण्डमा प्रवेश गरी परीक्षा दिएको हुँदा त्यस्तो कार्यले नियमतः मान्यता पाउने नदेखिने ।

नियममा भएका सोही व्यवस्थाहरूका सम्बन्धमा यस अदालतका दुई संयुक्त इजलासबीच मतैक्यता नभई भिन्न भिन्न व्याख्या भएको कारण व्याख्यामा एकरूपताको लागि पूर्ण इजलासमा पेश भएको संवत् २०६२ सालको रि.पू.इ.नं. १०, निवेदक

मेघेन्द्रप्रकाश गिरी विरूद्ध त्रि.वि. केन्द्रीय कार्यालय समेत विपक्षी भएको उत्प्रेषण मुद्दामा "प्रथम वर्षको परीक्षा फर्म भरी परीक्षार्थीको सूचीमा समावेश भएको भन्ने जिकीर लिन नसकेकोले द्वितीय खण्डको प्रवेश नै कानूनसम्मत् नहुँदा त्रि.वि. संगठन तथा शैक्षिक प्रशसनसम्बन्धी नियम, २०५० को नियम २१७ तथा २९२ बमोजिम ट्रान्सक्रिप्ट पाउने अवस्था नदेखिएको भनी रिट निवेदन खारेज गरेको (*नेकाप* २०६२, नि.नं. ७५८७, पृ. १०४८) देखिन आएको छ । यस अदालतको पूर्ण इजलासबाट भएको उक्त व्याख्यासँग असहमत हुने अवस्था नभएकोले प्रथम खण्डको परीक्षामा रीतपूर्वक सामेल नभएको निवेदिकाले मागबमोजिम ट्रान्सक्रिप्ट पाउन सक्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६८-WO-०२२७, उत्प्रेषणयुक्त परमादेश, *कोकिला सत्याल वि. नेपाल आयल निगम लिमिटेड, केन्द्रीय कार्यालय, बबरमहल समेत*

कुनै पनि कर्मचारी निलम्बन हुनु अगाडि निजले पकाएको सञ्चित घर बिदा र बिरामी बिदाबापतको रकम नपाउने गरी नेपाल आयल निगम लिमिटेड, कर्मचारी प्रशासन विनियमावली, २०६३ ले रोक लगाएको देखिँदैन । त्यसैगरी विनियम १५.२ ले औषधोपचार र विनियम १५.५ ले बीमा सुविधाको व्यवस्था गरेको देखिन्छ । भविष्यमा निगमको सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिएको कर्मचारीलाई त्यस्तो सुविधा नदिइने भनी विनियमले निषेध गरेको नदेखिएकोले निलम्बन हुनुभन्दा अघि गरेको सेवा अवधिको उक्त विनियमबमोजिम पाउनसक्ने औषधोपचार र वीमा सुविधा नदिनु पर्ने कुनै कारण नदेखिँदा निवेदिकालाई भ्रष्टाचार मुद्दामा कसूर ठहर भएको अन्तिम फैसला प्राप्त हुनु अगावै मिति २०६४।४।२ देखि लागू हुने गरी अनिवार्य अवकाश दिएको देखिए तापनि नेपाल आयल निगम लिमिटेड कर्मचारी प्रशासन विनियमावली, २०६३ को विनियम १२.८.३ बमोजिम उपदानसम्म पाउन सक्ने अवस्था नदेखिएकोले सोभन्दा बाहेक विनियमावलीले रोक नलगाएका निलम्बन हुनु अघि अर्थात् मिति २०६१।४।१२ अघिका अन्य सुविधाबापतको रकम विनियमअनुसार दिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६८-WO-०३१२, उत्प्रेषणयुक्त परमादेश, *दिनेशकुमार यादव वि. नेपाल आयल निगम लिमिटेड केन्द्रीय कार्यालय, बबरमहल समेत*

कुनै आरोपका सम्बन्धमा कुनै कर्मचारीउपर प्रचलित कानूनबमोजिम छानबीन गरिने कार्य स्वाभाविक भएकोले त्यस सम्बन्धमा यस अदालतबाट अन्यथा औंल्याउन मिल्ने स्थिति हुँदैन । परन्तु त्यस्तो आरोपका सम्बन्धमा समयमा नै कानूनबमोजिम छानबीन सम्पन्न गरी जे जुन अवस्था देखिन्छ सोहीअनुरूप निर्णयमा पुग्नु बाञ्छनीय हुन्छ । आरोपको छानबीन र किनारा गर्नेतर्फ नलागी केवल उजूरी परेकै भरमा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट छनौट भएको कर्मचारीलाई लामो समयसम्म बढुवा नियुक्ति नदिई अनिर्णित अवस्थामा राखी राख्नु वृत्ति विकासको दृष्टिकोणबाट पनि उपयुक्त हुन नसक्ने हुँदा निवेदकउपर आरोप लगाइएका विषयबाट बढुवा नियुक्ति दिन मिल्ने नमिल्ने यकीन गरी नेपाल आयल निगम कर्मचारी प्रशासन विनियमावली, २०६३ को विनियम ५.१२ बमोजिम पदपूर्ति समितिको सिफारिश सम्बन्धमा कानूनबमोजिम छिटो निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६७-WO-०४२८, उत्प्रेषणयुक्त परमादेश, *भूमिप्रसाद त्रिपाठी वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

रिट निवेदकको नाम बढुवाका लागि शुरूमा सिफारिश गरिएको सूचीमा क्रम संख्या १४ मा समावेश भएको देखिएको, सो बढुवा सूचीउपर परेको उजूरीबाट जुन शैक्षिकसत्रको का.स.मू. का सम्बन्धमा विवाद भएको हो सो का.स.मू. निवेदकले नियमले तोकेको अवधिभित्र भरी सम्बन्धित विद्यालयमा पेश गरेको कुरा यस अदालतको आदेशबमोजिम प्राप्त हुन आएको का.स.मू. दर्ता किताबबाट देखिन आएको हुँदा उक्त विज्ञापन लगत्तै भएको बढुवाबाट बढुवा नियुक्ति पाएका निवेदकको पनि विपक्षीहरू सरह जेष्ठता कायम हुनु समन्यायिक दृष्टिकोणबाट समेत उचित र विवेकसम्मत् देखिन आएको छ। तसर्थ निवेदकको पनि विपक्षीहरू सरह जेष्ठता कायम गरिदिने व्यवस्था मिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम्।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.साधक नं. २०६८-RC-००१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनोद लिम्बू*

जाहेरी दरखास्त, लास जाँच प्रतिवेदन, मौकामा बुझिएका व्यक्तिहरूको बकपत्र एवं सहअभियुक्तहरूको साविती बयानलगायतका प्रमाणहरूबाट प्रतिवादी पुर्सु भन्ने विनोद नेम्वाङ्ग समेतले मृतकउपर छुरा प्रहार गरेको पुष्टि भएको र सोही चोटबाटै निजको मृत्यु भएको देखिँदा प्रतिवादी पुर्सु भन्ने विनोद नेम्वाङले अभियोग माग दावीबमोजिमको आरोपित कसूर गरेको देखिँदा निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं.को कसूरमा सोही १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम्।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** रि.नं. २०६६-WO-०८५८, उत्प्रेषण परमादेश, *विन्देश्वरप्रसाद पटेल वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

व्यापक र वृहद् जिम्मेवारी तथा दायित्व भएको निजामती संगठनलाई निश्चित् व्यक्ति वा संस्थाको स्वामित्वअन्तर्गतको सीमित उद्देश्य रहेको व्यापारिक प्रतिष्ठानसँग तुलना गरी एउटा प्रतिष्ठानको रूपमा संकुचित अर्थमा परिभाषा गर्न नमिल्ने।

निजामती संगठनलाई श्रम ऐन, २०४८ को दफा २(ख) ले परिभाषा गरेको प्रतिष्ठान सरह र निजामती कर्मचारीको भूमिकालाई त्यस्तो प्रतिष्ठानको श्रमिक वा कामदारको भूमिका सरह व्याख्या गर्न मिल्ने नदेखिनुका साथै निजामती कर्मचारीको हकमा मात्र लागू हुने गरी छुट्टै निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली २०५० लागू रहेको र निजामती सेवा ऐनको दफा ५३ मा निजामती कर्मचारीहरूको ट्रेड यूनियनसम्बन्धी छुट्टै व्यवस्था रहेको अवस्थामा निजामती कर्मचारीहरूको हकमा ट्रेड यूनियन ऐन आकर्षित हुन नसक्ने।

एउटा ट्रेड यूनियनको पदाधिकारी हुँदैमा सरूवा र बढुवा जस्तो सामान्य प्रशासनिक कामकारवाहीमा उसको ईच्छाअनुसार मात्र हुनुपर्ने भनी मौलिक हकको व्याख्या गर्नु सार्वजनिक प्रशासनको उद्देश्य तथा कानून र न्यायका मान्य सिद्धान्तअनुरूप हुन सक्दैन। तसर्थ ट्रेड यूनियनमा कार्यरत् निजामती कर्मचारीको सरूवा निजको सहमति बिना हुनै नसक्ने भन्न नमिल्ने।

निजामती संगठन राज्य सञ्चालनको महत्वपूर्ण संयन्त्र भएको, सरकारले जारी गरेको नीतिहरू, सरकारका कार्ययोजना र कार्य पद्धतिहरू, नागरिकहरूलाई दैनिक रूपमा उपलब्ध गराउनु पर्ने वस्तु तथा सेवाहरू, सरकारका भावी योजना तथा रणनीतिहरू सबैको कार्यान्वयन गर्ने काम मूल रूपमा निजामती संगठनको भएकोले यो संगठनलाई कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको निश्चित् र सीमित उद्देश्य भएको प्रतिष्ठान सरह र यहाँ कार्यरत् कर्मचारीको भूमिकालाई त्यस्ता प्रतिष्ठानमा काम गर्ने श्रमिक वा कामदार कर्मचारीको भूमिका रहेको मानी कुनै अमूक ट्रेड युनियनको पदाधिकारी भएकै कारणबाट सार्वजनिक प्रशासन तथा व्यवस्थापनको मर्म, भावना र उद्देश्य नै पराजीत हुने गरी सरूवा र बढुवा जस्ता ट्रेड युनियनका पदाधिकारीहरूको असीमित

र अनियन्त्रित अधिकार हुनुपर्छ भनी व्याख्या गर्नु व्यावहारिक र औचित्यपूर्ण नहुने ।
इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल मंसिर ६ गते रोज ३ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- रि.नं. २०६६-WO-०००२, उत्प्रेषण परमादेश, *विन्देश्वर नायक वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०१४९, उत्प्रेषण, *सिंहेश्वर महतो वि.कृषि विभाग समेत*
- रि.नं. २०६६-WO-०८५९, उत्प्रेषण परमादेश, *गंगाप्रसाद महतो वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८६०, उत्प्रेषण परमादेश, *माधवप्रसाद देव वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८६३, उत्प्रेषण परमादेश, *जगदीशचन्द्र देव वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८६४, उत्प्रेषण परमादेश, *चन्देश्वर सिँह वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८६५, उत्प्रेषण परमादेश, *ललितकुमार कर्ण वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८८१, उत्प्रेषण परमादेश, *अनीलकुमार गुप्ता वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८८२, उत्प्रेषण परमादेश, *शिवनन्दन शाह वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०८८३, उत्प्रेषण परमादेश, *नथुनी गोहियार यादव वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९१५, उत्प्रेषण परमादेश, *ललनकुमार झा वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९४७, उत्प्रेषण परमादेश, *रामचरित्र यादव वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९४८, उत्प्रेषण परमादेश, *मोहनलाल कर्ण वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९४९, उत्प्रेषण परमादेश, *प्रदेशी चौधरी वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९६७, उत्प्रेषण परमादेश, *राजेन्द्रप्रसाद जयसवाल वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९९१, उत्प्रेषण परमादेश, *योगेश पराजुली वि. अर्थ मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९९२, उत्प्रेषण परमादेश, *वादल विश्वकर्मा वि. स्थानीय विकास मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-०९९४, उत्प्रेषण परमादेश, *चन्द्रबहादुर विष्ट वि.स्थानीय विकास मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-१००४, उत्प्रेषण परमादेश, *शंकरलाल देव वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-१०१६, उत्प्रेषण, *सुरेश चन्द्र डि.सी. वि. वन तथा भू-संरक्षण मन्त्रालय*
- रि.नं. २०६६-WO-११३१, उत्प्रेषण, *ज्ञानेन्द्रकुमार गोइत वि. नापी विभाग समेत*
- रि.नं. २०६६-WO-११४५, उत्प्रेषण परमादेश, *नरेन्द्रप्रसाद कुशवाहा वि. कृषि तथा सहकारी मन्त्रालय समेत*
- रि.नं. २०६६-WO-११७८, उत्प्रेषण, *दशरथचन्द्र कार्की वि. महालेखा नियन्त्रक कार्याललय, समेत*
- रि.नं. २०६६-WO-११८२, उत्प्रेषण, *सूर्यप्रसाद शर्मा वि. महालेखा नियन्त्रक कार्यालय समेत*
- रि.नं. २०६६-WO-१२२९, उत्प्रेषण, *चिसेन्द्रप्रसाद यादव वि. नापी विभाग समेत*
- रि.नं. २०६६-WO-१३३०, उत्प्रेषण, कुलप्रसाद रेग्मी *वि. महालेखा नियन्त्रक कार्यालय समेत*

## इजलास नं. १

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रि.नं. २७३५, उत्प्रेषणयुक्त परमादेश, *सन्तोष सुवेदी वि.मा. गृहमन्त्री, गृह मन्त्रालय समेत*

कुनै पनि व्यक्तिलाई कुनै आरोपित कसूरमा सजाय गर्नु पर्दा उसलाई सफाइ पेश गर्नको लागि आरोपित कसूर र प्रस्तावित सजायको स्पष्ट उल्लेख गरी आधार र कारण खुलाई सुनुवाइको उचित मौका दिनु पर्दछ । सुनुवाइको मौका नदिई गरिएको कारवाही जतिसुकै न्यायोचित, तथ्यपरक र वस्तुनिष्ठ भए पनि त्यस्तो निर्णयलाई स्वच्छ र विवेकसम्मत् मानिँदैन र यस्तो निर्णय बदर हुन्छ । अर्थात् आरोपित व्यक्तिलाई आरोप र प्रस्तावित सजायको आधार र कारणसहित सफाइको मौका नदिई कारवाही गर्न पाइँदैन । यो प्राकृतिक न्यायको सिद्धान्त नै हो । कुनै पनि आरोपित व्यक्तिलाई सजाय वा कारवाही गर्नुपर्दा प्राकृतिक न्यायको सिद्धान्तको पालना अनिवार्य र आवश्यक शर्त हो । उल्लिखित सिद्धान्तलाई प्रस्तुत विवादसँग सम्बन्धित तत्कालीन सशस्त्र प्रहरी ऐन, २०५७ को दफा २१ र तत्कालीन सशस्त्र प्रहरी नियमावली, २०५७ को नियम ९१ ले आत्मसात् गरेको पनि देखिन्छ । तर निवेदकको घरदैलोमा टाँस भएको उल्लिखित म्याद सूचना हेर्दा एकातिर बिदा स्वीकृत नगराई कार्यालयमा १५ दिन अनुपस्थित रहेको अवस्थामा सेवाबाट हटाउन सक्ने कानूनी व्यवस्था रहे भएको अवस्थामा २०५९।६।५ देखि अनुपस्थित रहेको भनी २०५९।६।८ अर्थात् अनुपस्थित रहेको ३ दिनमा नै म्याद तामेल गरिएको छ भने अर्कातिर निजलाई के कुन कसूरमा सजाय गर्न लागिएको हो र लगाइएको आरोप कुन कुरा र कारणमा आधारित छ भनी कारण खुलाउन पर्नेमा सो खुलाएको पनि देखिँदैन । यस्तो अवस्थामा तत्कालीन सशस्त्र प्रहरी नियमावली, २०५७ को नियम ९१ अनुरूप उचित र पर्याप्त सुनुवाइको मौका दिएको भन्न नमिल्ने ।

म्याद सूचना तामेल गर्न पठाउनुको अर्थ निजले आरोपित कसूरमा सफाइ पेश गर्ने उचित र पर्याप्त सूचना पाएको हुनुपर्छ भन्ने हो र यस्तो सूचनामा तत्कालीन सशस्त्र प्रहरी नियमावलीको नियम ९१ ले तोकेको आधार र कारणहरू उल्लेख गरेको अवस्थामा मात्र सफाइ पेश गर्ने पर्याप्त र उचित मौका दिएको मानिन्छ । तर, प्रस्तुत विवादमा यी निवेदकको नाममा जारी गरेको म्याद सूचनामा त्यस्तो कुनै आधार र कारण खुलाएको देखिएन भने निजलाई सफाइको मौका दिन नपर्ने भनी आधार र कारण खुलाई छुट्टै पर्चा खडा गरेको नदेखिँदा यी निवेदकलाई सजाय गर्दा बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कानूनी व्यवस्थाको पालना गरेको देखिएन । तसर्थ बाध्यात्मक कानूनी व्यवस्थाको पालना नगरी यी विपक्षीहरूले निवेदकलाई अवकाश दिने गरी गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुरूप भएको भन्न नमिल्ने ।

यी रिट निवेदक सन्तोष सुवेदीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरेको विपक्षी सशस्त्र प्रहरी बल प्रधान कार्यालयको २०५९।७।२६ को निर्णय तथा सोलाई सदर गर्ने गरेको विपक्षी गृहमन्त्रीको मिति २०६२।३।२१ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब उक्त निर्णय बदर भएकोले यी रिट निवेदक सन्तोष सुवेदीलाई निवेदकको मागबमोजिम साविककै पदमा पुनः बहाली गर्नु गराउनू तथा नियमबमोजिम पाउने तलवभत्ता समेत उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको फौजदारी साधक नं. ०६६-RC-००९०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राकेश राई*

शव परीक्षण प्रतिवेदन हेर्दा किताब सिँह राईको मृत्यु Heavy bleeding, Brain death भनी उल्लेख भएको तथा माया राईको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Sharp Force Injury to Head भनी उल्लेख भएको देखिन्छ । मृतक किताबसिँह राई र मायाँ राईको

मृत्यु प्रतिवादी राकेश राईले खुकुरीले टाउकोमा प्रहार गरेको कारण भएको हो भनी बलीप्रसाद राई समेतका व्यक्तिले एकैमिलानको व्यहोरा लेखाई दिएको देखिन्छ । उल्लिखित शव परीक्षण प्रतिवेदन तथा मौकामा कागज गर्ने व्यक्तिहरूले व्यक्त गरेको व्यहोरा समेतका तथ्य तथा प्रमाणबाट यी प्रतिवादी राकेश राईको खुकुरी प्रहारबाट वारदातकै दिन किताबसिँह राईको र २०६०।२।२ गतेका दिन मायाँ राईको मृत्यु भएकोमा विवाद देखिएन । यी प्रतिवादी राकेश राईको कर्तव्यबाट किताबसिँह राई तथा मायाँ राईको मृत्यु भई निज राकेश राइले ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूर अपराध गरेकोमा निजलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

घटनाक्रमलाई हेर्दा भवितव्य हो कि जस्तो अवस्था विद्यमान् देखिएको र कसूरमा पूर्ण सावित रही अनुसन्धान र अदालतमा समेत सहज प्रक्रिया तुल्याई दिएको प्रतिवादी राकेश राईको यस्तो कार्यबाट निजलाई कानूनअनुरूप सजाय गर्दा चर्को पर्ने अवस्था देखिँदा कैदका हकमा अ.बं. १८८ नं. को राय लगाई निज प्रतिवादी राकेश राईलाई १५ (पन्ध्र) वर्ष कैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६८ सालको ०६७-CI-१२०४, मोहियानी हकको प्रमाणपत्र, *बिन्दू थरूनी वि. अमृत चौधरी*

दावीको कि.नं. २७ को जग्गामा साविकदेखि नै यी प्रत्यर्थी अमृत चौधरीको नाममा मोहीको महलमा जनिएको फिल्डबुक उतार, जग्गाधनी दर्ता स्रेस्ता प्रमाण पूर्जा तथा बाली बुझेको भरपाईका प्रतिलिपिबाट समेत देखिँदा वादी दावीबमोजिम दावीको जग्गामा मोही हक यथावत् कायम रहने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-१३८९, मोही नामसारी, *गणेश राय यादव वि.खेन्हा राय यादव*

पुनरावेदक गणेश राय यादवका बाबु मुखलाल राय भएको र फिल्डबुक उतारको व्यहोरा हेर्दा साविक कि.नं. २९ को जग्गाको जग्गाधनी मुखलाल राय र जोताहाको नाम दुःखी राय भनी जनिएको देखिन्छ । त्यस्तै प्रत्यर्थी खेन्हा रायका बाबु दुःखी राय उक्त जग्गाको मोही भएको तथ्य मिसिल संलग्न जोताहाको अस्थायी निस्साको प्रतिलिपिबाट देखिएको र मोही बेदखली मुद्दा अन्तिम भै बसेको तथा फिल्डबुक उतार, जोताहा अस्थायी निस्सा, जग्गाधनी प्रमाण पूर्जा समेतमा जोताहा मोही दुःखी रायको नाम जनिएको तथा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम निज दुःखी रायको हकवाला छोरा यी प्रत्यर्थी खेन्हा रायका नाउँमा मोही नामसारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७-CI-१३८८, सगोलको मोही लगत कट्टा, *गणेश राय यादव वि.खेन्हा राय यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. २०६६-WO-१२८०, उत्प्रेषणयुक्त परमादेश, *विन्देश्वर सहनी समेत वि. जिल्ला विकास समिति, रौतहट, गौर समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ को कानूनी व्यवस्था नेपाल सरकारले प्रत्येक वर्ष स्थानीय निकायलाई उपलब्ध गराउने अनुदान रकमसँग सम्बन्धित रहेको र त्यस्तो रकमको खर्च प्रणाली र कार्यविधि नेपाल सरकारले तोक्न सक्ने व्यवस्था गरेको देखिन्छ । त्यस्तो अनुदानको रकमबाट सञ्चालित कार्यक्रमको लागि बाहेक स्थानीय निकायलाई आवश्यक पर्ने कर्मचारीको स्थायी दरबन्दी सिर्जना गर्न र सो दरवन्दीमा कर्मचारी नियुक्त गर्ने स्थानीय निकायले नपाउने भनी अर्थ गर्न नमिल्ने ।

स्थानीय निकायको परिषद्लाई कर्मचारी दरवन्दी स्वीकृत गर्ने अधिकार भएको, सोहीबमोजिम दरवन्दी स्वीकृत गरी विज्ञापन प्रकाशित गरी लिखित र मौखिक परीक्षा समेत लिई सफल उम्मेद्वारलाई नियुक्ति दिएको देखिएको र पदपूर्तिको विज्ञापनउपर विवाद नउठाई पदपूर्तिको प्रक्रिया पूरा गरी नियुक्ति पाएको व्यक्तिलाई विपक्षी नबनाई बिलम्ब गरी परेको रिट निवेदनको आधारमा निवेदन मागबमोजिमको आदेश जारी हुन पर्ने देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असार २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको मुद्दा नं. CI-२७८, परमादेश, *डा. ठाकुरराज अधिकारी वि. बलभद्र वाग्ले समेत*

स्तरवृद्धि भएका कर्मचारीहरूले सम्बन्धित समूहमा समूहीकृत हुन समेत तोकिएको योग्यता पूरा गर्नुपर्ने कानूनले पूर्वशर्त राखेको हुँदा स्तरवृद्धि हुनासाथ स्वतः पदनाम पाउने भन्ने विधयिकी मनसाय रहेको देखिन आएन । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा ७(घ) ले यस दफाबमोजिम माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले स्तरवृद्धि भएको पदको नभई स्तरवृद्धि हुनुभन्दा पहिलाको काम गर्नुपर्ने भन्ने स्पष्ट उल्लेख गरेबाट प्रस्तुत स्तरवृद्धिको व्यवस्था कार्यरत् कर्मचारीलाई लामो सयमसम्म एउटै पदमा काम गरिरहँदा हुनसक्ने निरासाबाट ( Monotonous) मुक्त गराई केही हदसम्म भए पनि कार्यप्रति उत्प्रेरणा जगाउन गरिएको प्रयाससम्म भएको मात्र सकिन्छ । स्तरवृद्धि गरिएबाट सम्बन्धित कर्मचारीले आर्थिक (Monetary incentive) लगायतका सुविधाहरू प्राप्त गर्न सक्ने हुन्छ । तर, स्तरवृद्धिबाट स्वतः चिकित्सक बन्न सक्दैन । विशिष्ट किसिमको शैक्षिक योग्यताबाट हासिल हुने विशेष दक्षता वा ज्ञान पनि स्तरवृद्धि भएका कर्मचारीले स्तरवृद्धसँगै हासिल गर्छ भनी अनुमान गर्न नमिल्ने ।

स्तरवृद्धि भएका कर्मचारी पुल दरबन्दीमा रही सम्बन्धित समूहमा समूहीकृत हुन नै विशेष योग्यता चाहिने कानूनी व्यवस्था रहेकोले आवश्यक न्यूनतम् शैक्षिक योग्यताबिना स्तरवृद्धि भएका व्यक्तिहरूले चिकित्सकको पदमा रही चिकित्सकको काम गर्न कुनै हालतमा अनुमति दिन नमिल्ने ।

स्वास्थ्य र चिकित्सा क्षेत्र अति नै संवेदनशील सर्वसाधारणको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित रही जनसरोकारको महत्वपूर्ण विषय भएकोमा दुई मत छैन । यो जनताको स्वास्थ्यसँग सम्बन्धित संवेदनशील क्षेत्र भएकोले यस क्षेत्रमा सेवा गर्न विशेष ज्ञान, सीप, दक्षता र योग्यताको आवश्यक पर्दछ । त्यस्तो संवेदनशील क्षेत्रमा काम गर्ने विज्ञहरूलाई नियमित र सञ्चालन गर्ने कानूनी प्रावधानको व्याख्या गर्दा योग्यता र दक्षता जस्ता कुराहरूको विचार नगरी कर्मचारीको वृत्ति विकास गर्ने नाउँमा जनताको स्वास्थ्यसँग सम्झौता वा खेलबाड गरिन नहुने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ २४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WO-०२९५, उत्प्रेषणयुक्त परमादेश, *रामलखन मण्डल वि. राजेन्द्र विश्वास राजधोव समेत*

यी रिट निवेदकले विपक्षीमध्येका राजेन्द्र विश्वासलाई लेनदेन मुद्दामा भएको फैसलाअनुसार बिगो भराउनुपर्ने तथ्यमा विवाद छैन । साथै रिट निवेदकले कि.नं. २९१ को जग्गाबाट मोही भागवापत् आधा जग्गा पाउने भन्ने कुरा पनि निर्विवाद छ । कि.नं. २९१ को जग्गाको कानूनबमोजिमको स्वामित्ववालाबाट मोही बाँडफाँडमा परेको निवेदनअनुरूप भूमिसुधार कार्यालय सप्तरीबाट मिति २०६४।२।१६ मा निर्णय भएको सो निर्णयको प्रतिलिपिबाट देखिन्छ । सोबमोजिम मोहीले प्रमाण पुर्‍याई माग गरेमा मोहीको नाममा दा.खा. भै जाने गरी कि.नं. ५८९ को जग्गा तत्काल जग्गाधनीकै नाममा रहेको भन्ने मालपोत कार्यालय सप्तरीको मिति २०६४।३।१५ को पत्रबाट देखिएबाट उक्त कि.नं. को जग्गा मोही भागवापत् रहेको तथ्यमा पनि विवाद देखिएन । मोही भागको रूपमा प्राप्त हुने गरेको जग्गाबाट मोहीले फैसलाबमोजिम तिर्नु पर्ने

बिगो भरी भराउ हुन नसक्ने भन्ने कानूनी व्यवस्था भएको पाइँदैन । जग्गा बाँडपाँडमा तर्फमा चित्त नबुझाएको भनी यी निवेदकले रिट निवेदन दर्ता गराएकै भरमा बिगो भरिभराउको कार्य हुन नसक्ने भन्न नमिल्ने ।

यी रिट निवेदकउपर विपक्षी राजेन्द्र विश्वासले बिगो भरिभराउमा दिएको निवेदनको कारवाहीको सन्दर्भमा विवादित कि.नं. ५८९ को जग्गामध्ये पूर्वतर्फबाट ०-८-१२ जग्गा बिगो भरिभराउमा भएको डाक लिलाम अरू कसैले सकार नगरेकोले विपक्षी राजेन्द्रप्रसाद राजघोवले २०६५।११।२० मा सकार गरी लिएकोले सो बिगो मुद्दा २०६५।११।२० मा तामेलीमा राखी २०६५।१२।१३ को लिलामबमोजिम विपक्षी राजेन्द्र विश्वासको नाममा दा.खा. गर्न मालपोत कार्यालय सप्तरीमा पत्राचार भइसकेको भन्ने समेत देखियो । यसरी फैसला कार्यान्वयनको कारावाही नै समाप्त भैसकेको अवस्था हुँदा सोसम्बन्धी कारवाहीको सन्दर्भमा जग्गा रोक्का राख्ने गरेको अन्तर्कालीन आदेशको अवस्था नै समाप्त भैसकेको छ । विपक्षीले लिलाम सकार गरी लिएउपर प्रस्तुत रिट निवेदनमा दावी लिएको छैन । जग्गा रोक्का राख्नेसम्बन्धी आदेशउपर प्रस्तुत रिट निवेदन परे पनि त्यसपछि स्थितिमा आधारभूत परिवर्तन भई रोक्का राखिएको जग्गा लिलाम भइसकेकोले सो लिलाम चुनौतीविहीन अवस्थामा रहकोले निवेदन दावीअनुसार रोक्का निर्णयतर्फ मात्र केही बोल्नु प्रयोजनहीन हुने हुँदा प्रस्तुत रिट निवेदन प्रभावहीन हुने हुँदा खारेज हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CR-०१८७, कीर्ते जालसाजी, *अशोक सम्शेर ज.ब.रा. वि. शक्ति खाँड(राणा) समेत*

विवादित लिखत कागज जाँचको महलबमोजिम रीत नपुगेको भित्री चक्र नदेखिएकोले त्यसले कानूनी मान्यता प्राप्त गर्न नसक्ने भन्ने पुनरावेदन जिकीरतर्फ हेर्दा विशेषज्ञको प्रतिवेदनमा नै ल्याप्चे छापमा केही रेखा देखिनुको अर्थ मसी बढी लगाई छाप लगाउँदा सो अवस्था भएको देखिन्छ भनी उल्लेख गरिएको छ भने कागज जाँचको महलको ५ नं. ले लेख्न जान्नेले आफ्नो हस्ताक्षरले सही लेख्नुपर्ने र ल्याप्चे सहीछाप गर्नुपर्ने उल्लेख हुँदा प्रस्तुत लिखतमा सहीछाप नै नभएको वा ल्याप्चे नै नभएको भए मात्र बेरीतको हुन जाने थियो । सो लिखतमा हस्ताक्षर सही भएकै छ र ल्याप्चे सहीछाप पनि भएकोलाई सम्पूर्ण लिखतलाई कानूनी मान्यता प्राप्त गर्न नसक्ने प्रकृतिको बेरीतको लिखत मान्न मिल्ने नदेखिने ।

बाबुले छोरीलाई दिएको शेषपछिको बकसपत्रको लिखत यी वादीको हक मार्न कीर्ते सहीछाप गरी गराई खडा गरिएको र रजिष्ट्रेशन पारीत गरिएको भन्ने नदेखिएकोले वादी दावी नपुग्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सुदीप पङ्गानी
इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६६-CR-०२७४, लिखत, निर्णय, दर्ता बदर समेत, *अशोक सम्शेर ज.ब.रा. वि. शक्ति खाँड(राणा)* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-CR-००२४, ठगी, *नेपाल सरकार वि. शशिकान्त शर्मा*

अदालतमा यी प्रतिवादीले बयान गर्दा रू. ३०।३० लाख दुई पटक गरी जाहेरवाला सिजी फुडको खताबाट चेकमार्फत् निकाली विष्णु महेश्वरीलाई दिएको भन्ने कुरामा सावित बयान गरेको देखिन्छ । जाहेरवालाले विभिन्न मितिमा विभिन्न बैंकहरूबाट रू. ५०,५०,०००।- निकाली ठगी गरेको भन्ने किटानी जाहेरी दिएकोलाई खण्डन गर्न सकेको पाइँदैन । अनुसन्धानबाट निजले अदालतसमक्ष जम्मा रू. ६० लाख रकम विष्णु महेश्वरीलाई दिएको भनी गरेको बयानको पुष्टि भइसकेको छ । बुझिएका साक्षी लीलाबहादुर रसाइली र जाहेरवाला महेशराज पन्तले जिल्ला अदालतमा गरेको बकपत्रबाट पनि उक्त कुराको पुष्टि भएको देखिन्छ । यसरी यी प्रतिवादीले गैरकानूनी र अनधिकृत तवरबाट रू. ६० लाखको रकम झिकी लिएको भन्ने कुरा देखिइसकेपछि निज निर्दोष रहेको भन्ने निजको

भनाई विश्वासलायक देखिन आएन । यस्तो अवस्थामा यी प्रतिवादीले रू. ६० लाखसम्म ठगी गरेको देखिने ।
इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०२२७, निर्णय दर्ता बदर, *मालपोत कार्यालय, डिल्लीबजार वि. धन थापा*

बाटो कायम गर्दा फिल्डमा बाटो देखिएको भन्ने नापीको निर्णयमा उल्लेख गरेको भए पनि सर्भे नक्सा हेर्दा साविक कि.नं. १०७७ मा कतैतिरबाट पनि बाटो रहेको वा बाटोले छोएको समेत देखिँदैन । यस्तो अवस्थामा हाल साविक नामसारी निर्णय गर्दा साविकबमोजिम नै हाल कायमी कित्ता दर्तावालाको हकमा दर्ता गर्नुपर्ने हुन्छ । उक्त कि.नं. ३५० र ४७८ मा साविकदेखि बाटो हो भन्ने सर्भे नापीको नक्सा र फिल्डबुकबाट पनि देखिन नआएपछि जग्गावालाको सहमति र मञ्जूरी बेगर नापी शाखाले आफूखुशी बाटोको लागि भनी जग्गा छुट्याउन मिल्दैन । यी प्रत्यर्थीको मञ्जूरीले बाटो खोलिएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आएको छैन । यस्तोमा निवेदिकाको नामबाट कित्ताकाट गरी कि.नं. ३५० र कि.नं. ४७८ को जग्गालाई नेपाल सरकारको बाटो भनी कायम गरेको मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६४।१।६ को निर्णय बदर गर्न नमिल्ने भनी मिति २०६४।६।२७ मा सोही कार्यालयले गरेको निर्णय कानूनसम्मत् नदेखिने ।
इजलास अधिकृतः नारायणप्रसाद पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६६-CI-०७९७, १२०६, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर वि. मु.स. गर्ने भीखनीदेवी चौधरी समेत, मु.स. गर्ने भीखनीदेवी चौधरी वि. मालपोत कार्यालय, उदयपुर*

विवादित जग्गासँग सरोकार देखाइएका देवनारायण चौधरीको हकभोगको साविक कि.नं. १०८ कै जग्गा विवादित जग्गा हुन् भन्ने निश्चयात्मक प्रमाणको अभाव रहेको र साविक कि.नं. १०८ देवनारायणको हकको भन्ने कुरा पनि स्थापित नहुनुका अतिरिक्त देवनारायणको जीवित हकवाला भनी यी निवेदिकालाई विवादित जग्गाहरू दर्ता गराउन निवेदन दिने कानूनी आधार समेत नदेखिने ।

मालपोत कार्यालयको निर्णयको अन्त्यमा तामेलीमा राख्ने भन्ने शब्दावली प्रयोग भएको देखिए पनि विवादित जग्गा सम्बन्धमा प्रमाणहरूको विवेचना समेत गरिएको पाइन्छ । फिल्डबुकमा पर्ति उल्लेख भएको, सार्वजनिक प्रकृतिको जग्गा भएको र नदी कटानबाट उकास भएकोमा देवनारायणले तिरो सकार नगरेको समेतको आधारमा निवेदन मागबमोजिम दर्ता गर्न नमिल्ने भनी दावी खारेज गर्ने भन्ने समेत मालपोत कार्यालयको निर्णयमा उल्लेख गरिएको छ । यसरी मालपोत कार्यालयले प्रमाणहरूको अभावमा दर्ता नगर्ने निर्णय गरिसकेको सो निर्णयमा दावी खारेज र तामेली भन्ने शब्दावली प्रयोग भएकै कारण मालपोत कार्यालयले निर्णय नै नगरेको भनी उक्त निर्णयलाई बदर गर्नुपर्ने देखिन नआउने हुँदा दावीबमोजिम जग्गा दर्ता नगरी निवेदन दावी खारेज गर्ने गरेको मालपोत कार्यालय, उदयपुरको मिति २०६५।३।३१ को निर्णय बदर गर्नुपर्नेमा उक्त निर्णय बदर गरी पुनः निर्णयार्थ मिसिल शुरू मालपोत कार्यालयमा पठाउने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६।४।२८ को फैसला मिलेको देखिएन । सो फैसला उल्टी भै मालपोत कार्यालय, उदयपुरको मिति २०६५।३।३१ को निर्णय कायम रहने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,**०६७-CR-१०७९, १०८०, १०८१, १०८२, १०८३, १०८४, १०८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जसमान लिम्बू समेत, दीपक राई समेत वि. नेपाल सरकार,*

*राजकुमार राई वि.नेपाल सरकार, जसमान लिम्बू वि. नेपाल सरकार, दिवस लिम्बू वि. नेपाल सरकार, पूर्णबहादुर लिम्बू वि. नेपाल सरकार, राजकुमार तामाङ वि. नेपाल सरकार*

कुनै वारदातमा एकजना भन्दा बढी व्यक्ति सामूहिक रूपमा संलग्न रहको अवस्थामा हरेक व्यक्तिको आपराधिक कार्यको विश्लेषण गरी हरेकको आपराधिक दायित्व निर्क्योल गर्नुपर्ने हुन्छ। सबै व्यक्ति समान रूपले कसूरदार हुन् भन्ने अवधारणा न्यायिक हुन सक्दैन। यस्तो धेरै जना व्यक्ति संलग्न भएकोमा एकभन्दा बढी मुख्य अपराधी (Principal Offender) र सहायक अपराधी (Secondary Offender or Accessory) हुन सक्ने हुँदा संलग्न व्यक्तिको भूमिकाको आधारमा सम्बन्धित व्यक्तिलाई आपराधिक दायित्व बहन गराउनुपर्ने मान्यता फौजदारी विधिशास्त्रले राख्ने।

एकजना भन्दा बढी पनि मुख्य अभियुक्त हुन सक्ने अवस्था पनि रहन्छ भने मुख्य अभियुक्तको तुलनामा अन्य अभियुक्तको आपराधिक कार्यको गाम्भीर्यता (Gravity) कम हुससक्ने देखिन्छ। कुनै कर्तव्य ज्यानको अपराधमा एकजनाभन्दा बढी व्यक्तिको संलग्नता रहेको त्यस्तो आपराधिक कार्यमा कुन व्यक्तिले के कस्तो भूमिका खेलेको छ, निजले खेलेको भूमिकाको गाम्भीर्यता (Gravity) समेतलाई विचार गर्नुपर्ने।

आपराधिक कार्य (Actus Reus) खुट्याई सोहीअनुसारको दायित्व तोक्नु न्यायकर्ताको मुख्य र महत्वपूर्ण कार्य हो। हुलमुलमा सामेल भएको, सँगै हिडेको, सँगै बसेको भन्ने जस्ता सतही कुरामा मात्र भर परी समान कसूरदार ठहऱ्याउनु न्यायोचित नहुने। हरेक आपराधिक कार्य अर्थात् भूमिकाको मूल्याङ्कन गरी वास्तविक निचोड निकाल्नु पर्ने।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः मन्दिरा रानाभाट+रानु पौडेल
इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,**०६६-CR-०८७३, ०३४८, कर्तव्य ज्यान, *नन्दादेवी जोशी वि. नेपाल सरकार, नेपाल सरकार वि. गणेशदत्त पाण्डेय*

तथ्य र प्रमाणको विवेचना, विश्लेषण, शव परीक्षण प्रतिवेदन प्रतिवादी नन्दादेवी जोशीको घरको तेस्रो तल्लाको रेलिङ्गबाट मृतक खस्न पुगेको प्रत्यक्ष देख्ने व्यक्ति रतनप्रसाद अधिकारीले मौकामा गरेको कागज र अदालतमा गरेको बकपत्र तथा मौकामा कागज गर्ने जनकराज पन्त समेतको कागज एवं बकपत्र समेतबाट एम. सुब्बारावको मृत्यु प्रतिवादीहरूले घरको तेस्रो तल्लाको रेलिङ्गबाट खसाई भएको नभई मृतक रेलिङ्गको सहारा लिई आधा शरीर जमीनको भागतर्फ झुकाइरहेको अवस्थामा खस्न पुगी मृत्यु भएको तथ्य स्थापित हुन आएको हुँदा प्रस्तुत वारदात कर्तव्यको वारदात नभई मृतकको मृत्यु आफैं खस्न पुगी स्वाभाविक मृत्यु भएको तथ्यमा शंका गर्नुपर्ने अवस्था नरहने।

कर्तव्य ज्यान जस्तो जघन्य अभियोगमा कसैको बहकाव, अदृश्य दवाव वा निहीत स्वार्थको आधारमा अनुसन्धान नगर्ने वा अनुसन्धान गर्ने, अभियोग नलगाउने वा लगाउने कार्यबाट फौजदारी न्याय प्रणालीको मेरूदण्ड भाँचिन पुग्छ वा आस्था समाप्त हुन्छ। अनुसन्धानको कार्य टुङ्गोमा नपुऱ्याई त्यसै राख्नु अर्थात् समयमै अनुसन्धान पूरा नगर्नु, ढिलो अनुसन्धान गर्नु, अभियोजन पक्षको कमजोरी हो। अनुसन्धान फितलो वा हचुवा भएमा निर्दोष व्यक्तिले अनाहकमा दुःख पाउने मात्र नभई उसको महत्वपूर्ण जीवन कारागारको घेराबन्दीमा सीमित हुन सक्छ। यसर्थ अनुसन्धान र अभियोजन पक्ष आफ्नो जिम्मेवारी निर्वाह नगरी भएको त्रुटिको अदालतले सूक्ष्म रूपमा केलाएर न्याय प्रदान गर्नु नै वास्तविक न्याय हुने।

अदालतले न्यायकर्ताको भूमिका निर्वाह गर्दा गहनतम् जिम्मेवारीबाट विचलन हुनु हुँदैन। न्यायकर्ताको एकमात्र उद्देश्य कुनै व्यक्ति विशेष अन्यायमा नपरून् दोषीले उन्मुक्ति नपाउन्, निर्दोष व्यक्तिको सुखमय जीवन अनाहकमा कारागारको घेराबन्दीमा बन्धनकारी रूपमा बिताउन नपरोस् भन्ने धारणाले अभिप्रेरित हुनु पर्दछ। वस्तुनिष्ठ आधारको धरातलभन्दा माथि उठेर कोराकल्पनाका मनचिन्ते विचारलाई अकाट्य प्रमाणको रूप प्रदान गरी ज्यानजस्तो जघन्य अपराधको दोषी ठहऱ्याउने परिपाटीलाई प्रोत्साहन गर्ने हो भने न्यायिक मार्ग विखण्डन हुन गै

फितलो अनुसन्धानको बलीबेदीमा न्यायको बलिदान हुन पुग्ने ।

मृतकको मृत्यु कर्तव्यबाट भएको भन्ने देखिन आएन । प्रतिवादीहरू निर्दोष रहेको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आएकोले प्रतिवादीमध्ये गणेशदत्त पाण्डेय, लक्ष्मणराज जोशी एवं प्रतिवादी नन्दादेवी जोशीलाई आरोपित कसूरमा कसूरदार ठहर गरी सजाय गरेको शुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी गणेशदत्त पाण्डेलाई सफाइ दिई पुनरावेदन गर्ने प्रतिवादी नन्दादेवी जोशीलाई कसूरदार ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६६।१२।१५ को फैसला मिलेको नदेखिँदा प्रतिवादी नन्दादेवी जोशीको हकमा कसूरदार ठहऱ्याएको हदसम्म पुनरावेदन अदालतको फैसला उल्टी भई प्रतिवादी नन्दादेवी जोशीले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ । प्रतिवादी गणेशदत्त पाण्डेयलाई सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन । कर्तव्य ज्यानको वारदात नै स्थापित नभएको हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन नगर्ने प्रतिवादी लक्ष्मणराज जोशीको हकमा समेत निजले अ.बं. २०५ बमोजिम सजायबाट उन्मुक्ति पाउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

दीपक ढकाल र हरिहर पौड्याल

इति संवत् २०६८ साल असोज ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०३९६, उत्प्रेषणयुक्त परमादेश, *जीवनप्रकाश खतिवडा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मिति २०५७।४।१ भन्दा अघि नै नियुक्ति पाई हाल बढुवा (स्तरवृद्धि र तहवृद्धि) भएको प्राविधिक कर्मचारीलाई निजको सेवा शर्त सुविधामा पश्चात्दर्शी किसिमले असर पर्ने गरी अघि नै हासिल भैसकेको लाभ वा सुविधामा कटौती गर्दा त्यस्ता कर्मचारीलाई असर परेको देखिएको र मिति २०५७।४।१ अघि र सो पछि बढुवा वा स्तरवृद्धि भएका प्राविधक कर्मचारीहरूको बीचमा द्रष्टव्यले खडा गरेको फरक-फरक स्थितिको विवेकपूर्ण आधार समेत देखिएन । मिति २०६५।६।१९ को निर्णयबाट कायम गरिएको तलवमानको उक्त द्रष्टव्यले २०५७।४।१ अघि नियुक्ति पाई सो मितिपछि बढुवा हुने कर्मचारीहरूलाई मर्का पर्ने गरी भेदभाव गरेको देखिँदा उक्त द्रष्टव्यले खडा गरेको भेदभावपूर्ण व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ द्वारा प्रदत्त समानताको हक विपरीत देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

नेपाल सरकारको मिति २०६५।६।१९ को निर्णयअनुसारको तलवमानको द्रष्टव्यबमोजिम प्राविधिक कर्मचारीले अतिरिक्त २ ग्रेड नपाउने भन्ने व्यवस्था बदर भएकोले निवेदकले खाईपाई आएको अतिरिक्त प्राविधिक २ ग्रेड निज सेवामा रहेको अवस्थाको तलवमा र अवकाशपछि पाउने सुविधा तथा निवृत्तिभरणमा समेत नियमानुसार पाउने नै हुँदा निवेदकले मिति २०५७।४।१ देखि नै खाईपाई आएको प्राविधिक २ ग्रेडको सुविधालाई निरन्तरता दिई तलवमान कायम गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-०५८१, उत्प्रेषणयुक्त परमादेश, *गोपाल कृष्ण रञ्जित समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- ०६७-WO-०७४८, उत्प्रेषणमिश्रित परमादेश, *सत्यनारायण महतो समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- ०६७-WO-०७८८, उत्प्रेषणमिश्रित परमादेश, *रमेशमान श्रेष्ठ समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- ०६७-WO-०९२३, उत्प्रेषणयुक्त परमादेश, *हरिनारायण मण्डल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६८-WH-००५४, वन्दीप्रत्यक्षीकरण, *एकनाथ थापा वि.राजश्व अनुसन्धान विभाग समेत*

"पचहत्तर वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकलाई पचहत्तर प्रतिशतसम्म" कैद सजायमा छूट दिन सकिने भन्ने कानूनी प्रावधान भएको पाइन्छ। उक्त व्यवस्था विशुद्ध कारागारले आफूले व्यवस्थित वा प्रचलन गर्नसक्ने प्रावधान भएको र कैदमा बसिरहेको कैदीहरूका हकमा लागू हुने जरीवानाको हकमा दावीबमोजिम कैद छूट दिन मिल्ने नमिल्ने कानूनी प्रश्न समाहित हुँदा त्यस्तोमा हाल प्रस्तुत विवादको रोहबाट अदालतबाट हस्तक्षेप गर्नु पनि कानूनसँगत नहुने एवं मिसिल संलग्न निवेदकको नागरिकताको प्रतिलिपिमा निजको जन्म मिति १९९१।१०।७ भन्ने उल्लेख भएकोले निवेदकको उमेर ७५ वर्ष नै पूरा भएको भन्ने देखिएको हुँदा जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ मा व्यवस्था भएअनुसारको कैद सजायमा छूटसम्बन्धी सुविधा रिट निवेदक भीमबहादुर थापालाई प्राप्त हुने नहुने के हो युक्तिसँगत तवरले त्यस सम्बन्धमा विचार गरी आवश्यक निर्णय गरी दिनु भनी कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय डिल्लीबजारको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६८-WO-०२११, उत्प्रेषण समेत, *रामवृक्ष पण्डित वि. निजामती किताबखाना समेत*

नागरिकता लिँदा निवेदकको उमेर २१ वर्ष भन्ने उल्लेख भै मिति २०३१।६।१५ मा जारी भएको निवेदकको जन्ममिति नखुलेको नागरिकताको प्रमाणपत्र र अन्य प्रमाणपत्रहरूमा उल्लिखित जन्ममितिमा निवेदकको उमेरमा १ वर्षभन्दा बढीको अन्तर नदेखिएको हुँदा निजामती सेवा नियमावली, २०५० को नियम १०२क को उपनियम ३ मा भएको प्रावधानअनुरूप पनि निवेदकको जन्ममिति २०११।७।२ मान्नुपर्ने देखिन आयो। २०११।७।२ ले गणना गर्दा रिट निवेदक मिति २०६९।७।१ मा ५८ वर्ष पूरा भई मिति २०६९।७।२ देखि मात्र अनिवार्य अवकाश पाउने हुँदा निवेदकलाई मिति २०६८।६।१५ देखि अनिवार्य अवकाश दिने विषयको निजामती किताबखानाको च.नं. २९८।११६३१ मिति २०६७।९।१३ को पत्र, नापी विभागको मिति २०६८।३।२४ को निर्णय र सोही मितिको पत्र कानून प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदकलाई मिति २०६९।७।१ सम्म यथावत्रूपमा काम गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ८९१८, जग्गा खिचोला हक कायम दर्ता, *ठाकुरप्रसाद भेडिहार वि. मंगर राउत अहिर*

वादी दावीका साविक ७५७, ७५८ र ७५९ नं. (हाल कि.नं. २५,२६, २७ र २८) का जग्गा प्रत्यर्थी प्रतिवादी मगर राउत अहिरका पिता सोमन राउत अहिरबाट पुनरावेदक वादी ठाकुरप्रसाद भेडिहारले र.नं. २५९९।२७१५ मिति २०२१।३।१३ मा पारीत राजीनामाबाट खरीद गरी उक्त जग्गा वादीको हक कायम हुन आइसकेको अवस्था देखिन्छ। दाताका नाउँमा नै कायम रहेको आफ्नो हक हुने त्यस्तो जग्गा खरीद गर्ने व्यक्तिले जग्गा पजनीको २(क) नं.मा भएको उपरोक्त कानूनी प्रावधानले जहिलेसुकै नामसारी गराई लिन सक्ने अवस्था रहेको र मिति २०५३।५।१७ मा नामसारी गराउन मालपोत कार्यालय बारामा जाँदा रोक्का रहेको कारणले मात्र उक्त दा.खा. नामसारी हुने कार्य सम्पन्न हुन नसकेको अवस्था हुँदा जग्गा नापजाँच ऐन, २०१९ को दफा ६(७) बमोजिम नापी हुँदाको समयमा नापी दर्ता नगराएको र पछि दाताको छोरा यी प्रत्यर्थी प्रतिवादी मगर राउत अहिरसँगको लेनदेन मुद्दामा साहूले लिलाम गराएको कारणले मात्र त्यस्तो जग्गामा वादीको हक जाने भनी अर्थ गर्न नमिल्ने।

एकपटक आफूले यी वादी ठाकुरप्रसाद भेडिहारलाई बिक्री गरिसकेको जग्गा दाताले नापी हुँदा पुनः आफ्नै नाममा नापी दर्ता गराएको कार्यलाई वैध मान्न मिल्दैन। प्रतिवादीका पिताले राजीनामाको लिखतद्वारा

वादीलाई हक हस्तान्तरण गरिसकेको वादी दावीको जग्गा नापी हुँदा दाताले आफ्नो नाउँमा नापी दर्ता गराएको देखिँदा उक्त जग्गामा पुनरावेदक वादीले दावीबमोजिम खिचोला मेटाई हक कायम दर्ता गरी चलन पाउने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल पुस ३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६३ सालको दे.पु.नं. ८९१७, लिलाम दर्ता बदर दर्ता, *ठाकुरप्रसाद भेडिहार वि. बिजुली राउत अहिर समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-WO-१०८५, उत्प्रेषण समेत, *चन्द्रनारायण यादव वि. स्थानीय विकास मन्त्रालय समेत*

निजामती कर्मचारीहरूको हकमा ट्रेड यूनियन ऐन, २०४९ को कानूनी व्यवस्था आकर्षित नहुने हुँदा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० को व्यवस्थाअनुरूप भएको निवेदकको काज सरूवालाई कानूनप्रतिकूल भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६५-WO-००७३, उत्प्रेषण समेत, *गंगा शाक्य वि. जोगमाया महर्जन समेत*

तायदाती फाँटवारी दाखिल गर्ने व्यक्तिले बण्डा हुनुपर्ने होइन भनी उल्लेख नगरी कुनै व्यक्ति विशेषलाई करार गरी दिइसकेको भन्नेसम्म व्यहोरा उल्लेख गरेको कारणबाट मात्रै फाँटवारी दाखिला गर्ने सम्बन्धित व्यक्तिले दावी नगरेको अवस्थामा अंश हक जस्तो गम्भीर विषयमा अदालतले बण्डा गर्न नपर्ने भनी भन्न मिल्ने स्थिति पनि देखिँदैन । अदालतले पनि तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिमध्येबाट कुनै सम्पत्ति बण्डा नलाग्ने स्थितिको रहेछ भने त्यसको निश्चित् आधार र कारण खुलाउनु पर्ने ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क को व्यवस्था हेर्दा फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक कुनै किसिमबाट हस्तान्तरण गरिएको भएमा कारवाही र किनारा गर्न सक्ने कुरा उल्लेख भएको पाइन्छ । नियमावलीको उक्त व्यवस्था मुद्दालाई निष्प्रभावी बनाउने दुराशय राखी मुद्दा चलिरहेको अवस्थामा सो मुद्दाको विवादमा रहेको कुनै पनि चल अचल सम्पत्ति तह-तह हक हस्तान्तरण गर्ने गलत प्रवृत्तिलाई निरूत्साहित गर्ने र फैसला कार्यान्वयनसम्बन्धी कार्यलाई प्रभावकारी बनाउने मनसायबाट गरिएको हुन्छ । साथै मुद्दाका पक्षलाई एउटै विषयमा पटक-पटक मुद्दा गरी हैरानी व्यहोर्न नपरोस्, छिटो छरितो ढंगबाट न्याय निष्पादन हुन सकोस् भन्ने अभिप्रायले फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल अचल सम्पत्तिको हक हस्तान्तरण गरिएको भएमा असर पर्ने पक्षको निवेदन लिई सो निवेदनबाट कारवाही र किनारा गरी फैसला कार्यान्वयनको कार्य सम्पन्न गर्ने उद्देश्यबाट नै उक्त कानूनी व्यवस्था गरिएको हो ।

यस्तो अवस्था हुँदाहुँदै तायदाती दाखेल भैसकेको स्थितिमा तायदातीमा देखाइएका अंशबण्डा गर्नुपर्ने सम्पत्ति रिट निवेदकका परदाता आपुलु महर्जनले उक्त मुद्दा फैसला हुनुभन्दा २० दिन अगाडि राजेश अवालेलाई र निजले पनि मिति २०६०।८।३ मा निवेदक गंगा शाक्यलाई हक हस्तान्तरण गरेको कार्यबाट अदालतको फैसलाबमोजिम वादीले आफ्नो भागमा पर्ने अंश छुट्टयाई लिन नपाई अंश जस्तो नैसर्गिक र कानूनी हकबाट बञ्चित हुने स्थितिको सिर्जना हुन आउने देखिन्छ । यस्तो अवस्थामा प्रस्तुत विवाद सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क र ७८ख आकर्षित नहुने भन्न मिलेन । उक्त नियम ७८क आकर्षित हुने ।
इजलास अधिकृतः ऋषिराम आचार्य
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६९ साल पुस २५ गते रोज २ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६५-WO-००८४, उत्प्रेषण समेत, *राजेश अवाले वि. मालपोत कार्यालय, ललितपुर समेत*

- ०६५-WO-०३८९, उत्प्रेषण समेत, आपुलु डंगोल वि. मालपोत कार्यालय, डिल्लीबजार

**इजलास नं. ६**

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको ०६६-CI-११०५, परमादेशयुक्त निषेधाज्ञा, *मेनुका बस्नेत वि. इलाम उच्च मा.वि. हाल इलाम एजुकेशन फाउण्डेशन प्रा.लि. इलाम समेत*

पुनरावेदकले मिति २०५६।१०।२२ मा इलाम उ.मा.वि. को रू. २०,०००।- अस्थायी शेयर प्रमाणपत्र लिएको अवस्था देखिए पनि पहिले उक्त इलाम उच्च मा.वि. कम्पनी ऐन, बमोजिम स्थापित नभई उच्च मा.वि. शिक्षा परिषद्बाट सम्बन्धन लिई सञ्चालित संस्था रहेको र पछि हाल सञ्चालित रहेको संस्था इलाम एजुकेशन फाउण्डेशन प्रा.लि. कम्पनी ऐनअन्तर्गत स्थापना भएको संस्था हो । यसरी पछि गठन भएको उक्त कम्पनीमा निज निवेदकको नामको शेयर रहेको नरहेको कुरा समेत प्रस्तुत मुद्दामा विवादित विषयको रूपमा रहेको देखिन्छ । निवेदकको दावी हेर्दा निज हाल सञ्चालित रहेको उक्त संस्थाको शेयरहोल्डर रहे नरहेको भन्ने विषयमा निर्णय गर्नुपर्ने अवस्थामा प्रस्तुत निषेधाज्ञा एवं परमादेश मुद्दाबाट सो कुराको निराकरण हुन नसक्ने ।

इलाम एजुकेशन फाउण्डेशन प्रा.लि. नामको कम्पनीको शेयरमा आफ्नो निर्विवाद हक स्वामित्व देखाउन नसकेको र इलाम उच्च मा.वि. नामको छुट्टै संस्थाको शेयर इलाम एजुकेशन फाउण्डेशन प्रा.लि. नामको कम्पनीको शेयरमा के कुन कानूनले स्वतः परिणत हुने हो भन्ने कुरा पनि पुनरावेदकले देखाउन नसकेको हुँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको ०६५-CR-०६०२, खुन डाँका, *नेपाल सरकार वि. रवन पासवान समेत*

प्रतिवादीमध्येका रवन पासवानले अभियोग दावीबमोजिम धर्मनाथ मिश्रलाई गोली हानी कर्तव्य गरी मारेका र जाहेरवालाहरूको बिगो रू. ४,५२,०५०।- बराबरको धनमाल डाँका गरेको समेत ठहर गरी धर्मनाथ मिश्रलाई कर्तव्य गरी मारेको हुँदा प्रतिवादी रवन पासवानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई डाँका वारदात गरेतर्फ मुलुकी ऐन, चोरीको १४(४) बमोजिम पहिला पटक कायम भई निज रवन पासवानलाई कैद वर्ष ६ तथा बिगोको डेढी जरीवाना रू. ६७८०७५।- समेत कैद जरीवाना हुने र जाहेरवालाहरूले बिगो भरी पाउने समेत ठहऱ्याएको शुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर गर्नुपर्नेमा निजलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६५।५।११ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ र प्रतिवादी रवन पासवानका हकमा सर्लाही जिल्ला अदालतबाट मिति २०६३।२।२ मा भएको फैसलाबमोजिम कर्तव्य ज्यानतर्फ सर्वस्वसहित जन्मकैद, डाँकातर्फ कैद वर्ष ६ तथा बिगोको डेढी रू. ६,७८,०७५।- जरीवाना तथा जाहेरवालाहरूले बिगो समेत भराई पाउने ।

प्रतिवादीहरू श्यामदेव पासवान र दियालो पासवानलाई घटना वारदातमा संलग्न रहेको भनी पोल गरेको भए पनि निजहरूका साथबाट डाँका गरिएको कुनै धनमाल समेत बरामद हुन सकेको अवस्था मिसिलबाट नदेखिँदा तथा सहअभियुक्तको पोल प्रमाणबाट पुष्टि भएको नपाइँदा निजहरूले आरोपित अभियोगबाट सफाइ पाउने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको ०६५-CR-०३२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि.अम्बरबहादुर सिँह*

मृतकमाथि कुटपीट हुँदा प्रतिवादी वारदातस्थलमा मौजूद रहेको भनी देखिन आए पनि निज समेतले कुटपीट गरेको कारणबाट मृतकको मृत्यु भएको भन्ने कुरा विश्वासलायक किसिमले प्रमाणित

हुने गरी वादी पक्षबाट कुनै प्रत्यक्ष चश्मदीद साक्षी प्रस्तुत हुन नसकेको र प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको सावितीलाई अन्य स्वतन्त्र एवं विश्वासलायक प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रमाणस्वरूप ग्रहण गर्न नमिल्नाले सो प्रमाणको आधारमा मात्र प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गर्न नमिल्ने ।

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा निज समेत वारदातस्थलमा उपस्थित रहेको भनी स्पष्ट भनेको एवं निज प्रतिवादी अन्य प्रतिवादीहरूको साथमा आफ्नो घरमा मौजूद रहेको अवस्थामा मृतक लालबहादुर सिँह जसवीर शाहीको साथमा आफ्नो घर आएपश्चात् मृतक र वीरबहादुर रावल समेतका अन्य प्रतिवादीहरूबीच झगडा भएको र सोही कारणबाट लालबहादुर सिँहको मृत्यु भएको भन्ने पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) को अवस्था देखिन आएकोले सोबमोजिमको कसूरमा सोही नम्बरबमोजिम सजाय हुने भै कसूरको गाम्भीर्यता समेतलाई मध्यनजर राखी ३ वर्ष कैद हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर २५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६३-CI-०२८०, जग्गा खिचोला चलन, *सहदेव यादव वि. जगु यादव समेत*

पुनरावेदक समेत वादी र मालपोत कार्यालय धनुषा प्रतिवादी भएको दे.पु.नं. १७२७ को छूट पोखरी दर्ता मुद्दामा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।९।१३ मा फैसला हुँदा विवादित पोखरी पुनरावेदकहरूको नाममा दर्ता हुन नसक्ने ठहऱ्याएको शुरू धनुषा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहरी फैसला भएको र सो फैसलाउपर यी पुनरावेदक समेतले यस अदालतमा मुद्दा दोहोऱ्याई पाऊँ भनी निवेदन दिएकोमा मिति २०६७।१०।२० मा मुद्दा दोहोऱ्याई हेर्न नमिल्ने भनी आदेश भएकोले सो मुद्दा समेत अन्तिम भएको देखिन्छ । उल्लिखित मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा आधार लिइएका मुद्दाहरूबाट यी पुनरावेदकले विवादित पोखरीमा हक स्थापित हुन नसक्ने निर्णय भई अन्तिम भएर बसेको देखिएको अवस्थामा यी पुनरावेदकले उक्त पोखरीमा खिचोला चलन पाऊँ भनी पुनरावेदन जिकीर लिन सक्ने नदेखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ १५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको CI-०१५१, अंश, *बलवीर चौधरी समेत वि. मकै डगौरा समेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ मा पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतको अधिकारको सम्बन्धमा उल्लेख छ । सो दफा १४ को मध्ये खण्ड (ख) मा "तल्लो अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने" र खण्ड (ग) मा "मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल तल्लो अदालत, निकाय वा अधिकारीकहाँ पठाउने" भन्ने व्यवस्था रहेको कानूनी व्यवस्थाबाट पुनरावेदन अदालतले वादीहरूले अंश पाउने, नपाउने सम्बन्धमा थप प्रमाणहरू आफैंले बुझी फैसला गर्न सक्नेमा सो नगरी प्रमाणहरू बुझी पुनः इन्साफ गर्न शुरू तहमा पठाएको फैसला कानूनसम्मत् देखिएन । यसै प्रसंगमा पुनरावेदक उपेन्द्र विक्रम शाह प्रत्यर्थी श्रीमती जानकी शाह भएको संवत् २०६३ सालको दे.पु.नं. ०१५० को हक कायम मुद्दामा सर्वोच्च अदालत, संयुक्त इजलासबाट पुनरावेदन अदालत, पाटनबाट भएको न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) को त्रुटिका आधारमा उक्त पुनरावेदन अदालतको फैसलालाई बदर गरी मिति २०६८।१।२० मा फैसला भएको दृष्टान्त पनि रहेको छ । तसर्थ उपरोक्त कानून र प्रतिपादित सिद्धान्त समेतबाट पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६५।३।२।२ मा गरेको फैसला त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ । अब मुद्दामा पुनः जो जे बुझ्नुपर्छ बुझी निर्णय गर्नु भनी दुबै पक्षहरूलाई पुनरावेदन

अदालत, महेन्द्रनगरको तारिख तोकी मिसिल समेत सोही अदालतमा पठाई दिने ।
इजलास अधिकृतः महेन्द्र पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट निवेदन नं. ०६५-WO-०७०८, उत्प्रेषणयुक्त परमादेश, *हेमन्तप्रकाश चन्द वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

मिति २०६५।९।१८ को क्षेत्रीय बढुवा समितिको बढुवा नतिजाउपर उजूरी गर्ने आवेदकहरू धरमबहादुर के.सी., विश्वप्रेमी दहाल र सुदामा शर्माको सेवा अवधि, शैक्षिक योग्यता, तालिम र कार्यसम्पादन मूल्याङ्कनबापत् प्राप्त गरको जम्मा अङ्क हेर्दा क्रमशः ७७.८९, ७६.४९ र ७६.४९ देखिन आउँछ । जुन प्रस्तुत रिटका निवेदक हेमन्तप्रकाश चन्दको बढुवा प्रयोजनका लागि जम्मा प्राप्त अङ्क ७१.२४ भन्दा बढी देखिन आयो । बढुवा नतिजाउपर पुनरावलोकनको लागि उजूरी गर्ने आवेदकहरू धरमबहादुर के.सी., विश्वप्रेमी दाहाल र सुदामा शर्माले बढुवा प्रयोजनको लागि उल्लिखित अङ्क पाउने आधार प्रस्तुत मिसिलसाथ पेश हुन आएको निजहरूको फाइलमा संलग्न कागजातहरूबाट समेत पुष्टि भएको छ । बढुवा प्रयोजनका लागि बढी अङ्क प्राप्त गर्ने आवेदक नै योग्यताअनुसार बढुवा सूचीमा पर्ने कानूनी प्रावधान हुँदा सोहीबमोजिम शिक्षक सेवा आयोगले आवेदकहरूको अङ्क गणना गरी मिति २०६५।१२।१४ मा संशोधित बढुवा सूचना प्रकाशन गरेको देखियो । यसबाट शिक्षक सेवा आयोगको मिति २०६५।१२।१४ को संशोधित बढुवा सूचना कानूनबमोजिम भएको देखिँदा अन्यथा गरिरहन नपर्ने हुँदा शिक्षक सेवा आयोगको प्रा.वि. शिक्षक प्रथम तहको विज्ञापन नं. ००२/०६४/०६५ पद संख्या ९ को मिति २०६५।१२।१४ को बढुवा नतिजा पुनरावलोकनसम्बन्धी संशोधित सूचना कानूनबमोजिमको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल कात्तिक २९ गते रोज ३ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६६ सालको रिट निवेदन नं. ०६५-WO-०६८२, उत्प्रेषणयुक्त परमादेश, *प्रतापराज शर्मा वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*
- २०६६ सालको रिट निवेदन नं. ०६५-WO-०६८३, उत्प्रेषणयुक्त परमादेश, *तीर्थराज न्यौपाने वि. शिक्षक सेवा आयोग, सानोठिमी समेत*

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको फैसला CR-०६६३, डाँका, *श्री ५ को सरकार वि. बाबुराम सुनार*

प्रतिवादीहरू अदालतसमक्ष कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ । डाँका भएको भनिएको गरगहनालगायतको दशी प्रमाण बरामद वा पेश हुन नसकेको र बरामदी क्यामेरालगायतका दशीलाई प्रस्तुत डाँका वारदातकै हो भनी भन्न सकिने प्रष्ट आधार रहे भएको देखिँदैन भने प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साविती बयान र अन्य सबूद प्रमाणबाट पुष्टि हुन सकेको समेत देखिँदैन । जाहेरवालाको जाहेरी व्यहोरा र बकपत्रको भनाईमा एकरूपता नभएको स्थिति समेतलाई दृष्टिगत गर्दा प्रतिवादीहरूले नै प्रस्तुत मुद्दाको डाँका वारदात घटाएको शंकारहित तवरबाट स्थापित हुन नसकेको अवस्थामा शंकाको सुविधा अभियुक्तले पाउने । (Benefit of doubt goes to the accused) भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतको आधारमा विपक्षी प्रतिवादीहरूले सफाइ पाउने ।
इजलास अधिकृतः वसन्तजङ्ग थापा
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-CI-०३८१, दोहोरो लिखत रोक्का बदर, *सुकुमारीदेवी शर्मा वि. नेपाल बैंक लिमिटेड, शाखा कार्यालय, मिल्स एरिया, विराटनगर*

पुनरावेदक सुकुमारीदेवी शर्माले नेपाल बैंक लिमिटेड, रानीलाई मिति २०५३।६।२३ मा दावीको कि.नं. १७०८ र १७०९ को घरजग्गा दृष्टिबन्धक लिखत पारीत गरी कर्जा प्राप्त गरेपश्चात् पुनः मिति २०५८।४।२३ मा कृषि विकास बैंक, तीनपैनीलाई रू. २,००,०००।- कर्जा प्राप्त गरी दृष्टिबन्धक गरिदिएको देखिँदा एकालाई लिखत पारीत गरिदिएको अचल दोहोरो पारी अरूलाई कुनै व्यहोराले लेखिदिनु हुँदैन भन्ने प्रष्ट कानूनी व्यवस्थाको उपहास गरी पहिले त्यही घरजग्गा नेपाल बैंक लिमिटेडलाई धितो लेखी ऋण लिइसकेपछि पहिला ऋण लिएको फरफारक नगरी रोक्का फुकुवा नगराई पुनः ६ वर्षपछि त्यही घरजग्गा कृषि विकास बैंकलाई धितो पास गरी दिएको कार्य दाहोरो लिखतको परिभाषाभित्र पर्दैन भन्न नमिल्ने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर २८ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५ सालको स.फौ.पु.नं. ०६५-CR-०२६७, लागू औषध खैरो हेरोइन, *नेपाल सरकार वि. कृष्ण गुरुङ समेत*

प्रतिवादी कृष्ण गुरुङको साथबाट लागू औषध बरामद नभए पनि निज प्रतिवादी लागू औषधको व्यापार गर्ने अर्का प्रतिवादी रूपनारायण महतोको सँगसँगै हिँडी कारोवारमा सघाउ पुर्‍याएको तथ्य निज प्रतिवादी कृष्ण गुरुङको मौकाको बयान, कसूर ठहर भई पुनरावेदन अदालत, पाटनको फैसला स्वीकार गरी बसेका अर्का प्रतिवादी रूपनारायण महतोको बयानका साथै बरामदी मुचुल्का र वादी पक्षका साक्षीहरूको अदालतमा भएको वकपत्र समेतबाट पुष्टि भएको छ । यसबाट निज प्रतिवादी कृष्ण गुरुङबाट लागू औषध बरामद नभए पनि लागू औषधको व्यापार गर्ने अर्का प्रतिवादी रूपनारायण महतोको सँगसँगै हिँडी कारोवारमा सघाउ पुर्‍याई मतियारसम्म भएको देखिँदा निजलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ बमोजिम मतियार मानी रू. ३७,५००।- जरीवाना र ५ वर्ष कैदको सजाय हुने ।

प्रतिवादी हाजिर हुन नआई म्याद गुजारी बसे पनि निजको हकमा कानूनबमोजिम फैसला गर्न कुनै बाधा नपर्ने भई निजउपर लिइएको अभियोगअनुसारको कसूरमा संलग्नता भए नभएतर्फ विचार गर्दा, प्रतिवादीहरू रूपनारायण महतो र कृष्ण गुरुङले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी सुरेश साहलाई पोल गरी बयान गरे तापनि अदालतमा आई बयान गर्दा प्रतिवादी रूपनारायण महतो एवं कृष्ण गुरुङले प्रतिवादी सुरेश साहलाई पोल गर्न सकेको देखिन्न । बरामद भएको लागू औषध प्रतिवादी सुरेश साहबाट खरीद गरेको भनी सहअभियुक्तले मौकामा पोल गरे पनि अदालतमा बयान गर्दा पोल नगरेको र सुरेश साहले लागू औषध बिक्री गरेको तथ्य मिसिल संलग्न अन्य प्रमाणहरूबाट पुष्टि हुन सकेको छैन । प्रतिवादी सुरेश साहउपरको अभियोग पुष्टि हुने प्रमाणको अभावमा निज माथिको अभियोग दावी ठहर हुन नसक्ने हुँदा निजको हकमा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिमको कारवाही गरिरहनु आवश्यक नहुँदा तामेलीमा राख्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको नदेखिँदा बदर भई निजको हकमा अभियोग दावी पुष्टि हुन नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको स.फौ.पु.नं. ०६६-CR-०३५४, लागू औषध खैरो हेरोइन, *रामशरण देउला वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धानका क्रममा तयार गरेका बरामदी मुचुल्का र बयानसमेतका कागजमा जवर्जस्तीसँग कुटपीट गरी सही गराएको भन्ने जिकीर लिए तापनि मौकामा निजले घा जाँचको माग नगरेको र निजको मौकाको साविती बयान अन्य मिसिल संलग्न बरामदी मुचुल्का, बरामदी मुचुल्काका मानिसहरूको अदालतमा भएको बकपत्र समेतका प्रमाणहरूबाट कसूर पुष्टि भइरहेको हुँदा प्रतिवादी रामशरण देउलाले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३(क), ६(क) द्वारा परिभाषित लागू औषध खैरो हेरोइन सोही

ऐनको दफा ४(घ) र (च) द्वारा निषेध गरिएको कसूर अपराध गरेको पुष्टि हुँदा ऐनको दफा १४(१)(छ) (३) बमोजिम १५ वर्ष कैद र पाँच लाख रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल मंसिर ७ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको CI-११५६, दृष्टि बदर रोक्का फुकुवा, *अमीतकुमार गुप्ता वि. प्रेमबहादुर थापा क्षेत्री*

प्रतिवादी पार्वती थापाको पति अर्थात् वादी प्रेमबहादुर थापा क्षेत्री घरमा कमाई गरी व्यवहार चलाउने सगोलको मुख्य व्यक्ति हुन् भन्ने देखिन्छ । यस अवस्थामा प्रतिवादी पार्वतीदेवी थापालाई घरको मुख्य व्यक्ति मान्न नमिल्ने हुँदा लिखत गर्दा घरको मुख्य व्यक्ति वादीको मञ्जूरी नलिएको अवस्थामा लेनदेन व्यवहारको ८ नं. अनुसार मञ्जूर नहुने वादीको हकको जेथाबाट साहूको बिगो भरिभराउ गर्न नमिल्ने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम् ।

१२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-१०२८, उत्प्रेषण परमादेश, *ज्ञानुमाया तामाङ वि. निजामती किताबखाना समेत*

निवेदक आफैंले भरी आफ्नो कार्यालयबाट प्रमाणित गरी निजामती किताबखानामा पठाएको सिटरोलमा उल्लिखित जन्ममितिबाट यी निवेदकको ५८ वर्ष पूरा हुने मिति २०६८।२।९ देखिन आउँछ । उक्त मिति यी निवेदकले आफ्नो ६० वर्ष पूरा हुने भनी उल्लेख गरेको मिति २०७०।२।९ सँग पनि मिल्न भिड्न आएको देखिन्छ । यसबाट यी निवेदकको ५८ वर्ष पूरा हुने मिति २०६८।२।९ देखिएको र सोही आधारमा निजलाई मिति २०६८।२।१० देखि अनिवार्य अवकाश दिने भनी निजामती किताबखानाले मिति २०६७।९।२१ र २०६७।१०।१८ मा जिल्ला प्रशासन कार्यालय नुवाकोटलाई अवकाशसम्बन्धी जानकारी पठाएको भनी लेखेका पत्रहरू कानूनबमोजिम नै लेखिएको देखिन आएबाट निवेदकले बदर माग गरेको निजामती किताबखानाको मिति २०६७।९।२१ र मिति २०६७।१०।१८ का पत्रहरू कानूनअनुकूल भएको देखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-०१४४, जोत नामसारी, *लक्ष्मणकुमार कार्की वि.गोपीलाल राजवाहक समेत*

पुनरावेदकका पिताको नाम १ नं. लगत र २ नं. अनुसूचीमा प्रकाशित नभएको अवस्थामा क्षेत्रीय किताव एवं सोही आधारमा तयार भएको जग्गाधनी प्रमाण पूर्जामा जोताहाको महलमा यी पुनरावेदकको वावुको नाम उल्लेख भएको मात्र आधारमा मोही कायम हुन सक्ने देखिन आएन । यसका अतिरिक्त पुनरावेदक वादीले जग्गा मोहीमा कमाएको भए जग्गाधनीलाई कुत वुझाएको प्रमाण प्रस्तुत गर्नुपर्ने ।

वादीले दावीको जग्गा कमाएको भन्ने प्रमाणस्वरुप कुत बुझाएको लगायत कुनै प्रमाण प्रस्तुत गर्न नसकेको साथसाथै पुनरावेदकको पिता मोही देखिने गरी भूमि सम्बन्धी नियमावली, २०२१ अनुसारको १ नं. लगत, २ नं अनुसूची समेत प्रकाशित नभएको देखिनाले पुनरावेदकको पिता दावीको जग्गाको मोही भएको नदेखिँदा मोही नामसारी गरिपाऊँ भन्ने दावी नपुग्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इजलास अधिकृतः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल पुस २२ गते रोज ६ शुभम् ।

- यसै लगाउको २०६७-CI-०१४३, जोत लागत कट्टा, *लक्ष्मणकुमार कार्की वि.गोपीलाल राजवाहक समेत* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

## इजलास नं. ७

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CR-०४८०, कीर्ते जालसाजी, *जानकीदेवी अमातनी वि.राजकुमार मण्डल अमात समेत*

यिनै वादी र प्रतिवादीहरू मध्येका राजकुमार मण्डलको बीचमा सप्तरी जिल्ला अदालतमा चलेको संवत् २०६२ सालको सा.दे.नं. १७३५ को लेनदेन मुद्दामा सो अदालतबाट मिति २०६६।२।२८ मा फैसला भएको देखिन्छ । उक्त फैसलामा प्रस्तुत मुद्दामा कीर्ते जालसाज गरी खडा गरिएको भनी दावी लिइएको मिति २०४२।१।१५ मा सरस्वतीको मृत्यु भएको भनी उल्लेख भएको सर्जमीन मुचुल्कालाई आधार मानी प्रमाणमा लिई फैसला भएको देखिन आउँदैन । यसका अतिरिक्त यी वादीले प्रतिवादीहरूले कीर्ते जालसाज गरी खडा गरेको भनी दावी लिएको मिति २०६३।१।२२ को सर्जमीन सिफारिश कीर्ते जालासजबाट तयार गरेको भनी प्रमाणित गर्ने ठोस आधार र प्रमाण पेश गर्न सकेको नदेखिँदा यी प्रतिवादीले वादी दावीबमोजिम कीर्ते जालसाज गरेको देखिन नआएकोले वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडल
इति संवत् २०६८ साल चैत ५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०७७७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अशोक सितिखु समेत*

मौकामा भएको घा जाँच केश फारामबाट पीडितको अवस्था ज्यान मर्ने हदसम्मको गम्भीर रहेको भन्ने देखिँदैन । साथै पीडितको स्थितिको बारेमा पेश भएको प्रतिवेदनमा घाइतेको स्थिति मर्नेसम्मको थियो, थिएन भनी उल्लेख गर्न सकेको समेत देखिन आउँदैन । वारदातस्थलमा यी प्रतिवादीहरूले जाहेरवालीलाई हातहतियारले प्रहार गरिरहेको अवस्थामा अन्य व्यक्तिहरू समेतको उपस्थित रहेको र निजहरू वारदात भैरहँदा सो स्थानबाट भागेको भन्ने तथ्य मौकामा कागज गर्ने व्यक्तिहरूले समेत उल्लेख गरेको देखिन आउँछ । यसबाट प्रतिवादीहरूले पीडितलाई प्रहार गरिरहेको अवस्थामा घटनास्थलका अन्य व्यक्ति भागिसकेको र पीडित जाहेरवाला मात्र सो स्थानमा बाँकी रहेको भन्ने देखिन आउँछ । पीडित जाहेरवालाले समेत जाहेरी दरखास्त र अदालतमा भएको बकसपत्रमा पनि आफू घाइते अवस्थामा वारदातस्थलबाट भागेको भन्ने उल्लेख गरेको देखिन आउँछ । घाउ केश फाराम समेतबाट पीडित जाहेरवाला रोशन श्रेष्ठलाई मर्नेसम्मको गम्भीर चोट लाग्न गएको भन्ने नदेखिने ।

वारदातस्थलमा हातहतियारसहितका १०/११ जना समूहमा प्रवेश गरेको भन्ने देखिएको छ । यस्तो अवस्थामा निजहरूले मार्ने मनासायले नै यी पीडित जाहेरवालीमाथि हतियार प्रहार गरेको भए जाहेरवाला बाँच्न सक्ने अवस्था देखिन आउँदैन । यसबाट प्रतिवादीहरूमा यी जाहेरवालालाई मार्नेसम्मको मनसाय (Intention) थियो भन्ने स्थापित हुन आउँदैन । यसबाट प्रस्तुत मुद्दामा वारदात भएकोमा विवाद नदेखिए पनि प्रतिवादीहरूमा यी जाहेरवालालाई मार्नेसम्मको मनसाय रहे भएको देखिन नआउने हुँदा मिति २०६३।६।१६ को वारदात कुटपीटको वारदातसम्म भएको देखिँदा कुटपीटमा परिणत हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल चैत ५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-११४१, वैदेशिक रोजगार, *नेपाल सरकार वि.गोमा महर्जन*

प्रतिवादी गोमा महर्जनले अभियोग दावीमा इन्कार रही लिखतमा जवर्जस्ती सही गराएको भनी गरेको बयान, सो बयानलाई निजका साक्षीहरूबाट समर्थन हुने गरी भएको अदालतको बकपत्र, यी प्रतिवादीका लोग्ने र प्रतिवादीले रकम लिएको भनिए पनि लिखतमा प्रतिवादीको मात्र सहीछाप गराएको र प्रतिवादीको लोग्नेलाई साक्षीसम्म राखेको देखिएको र जाहेरवाला होमनाथ शर्माले अदालतमा बकपत्र गर्दा लोग्ने अन्धो भएकाले स्वास्नीको लिखत गराएको भन्ने

व्यहारा उल्लेख गरी उक्त व्यहोरालाई समर्थन गरी आफ्नो व्यहोरा उल्लेख गरेको तथा यी प्रतिवादी साधारण लेखपढ पनि नभएको, लोग्नेसँग भिन्न बसेको र आफ्नै कमाइको भरमा बालबच्चालाई पालनपोषण गरी बसेको साधारण गृहिणी रहेको भन्ने मिसिलबाट देखिएको हुँदा प्रतिवादी गोमा महर्जनले सफाइ पाउने ।
इजलास अधिकृत: श्रीप्रकाश उप्रेती
कम्प्युटर: रानु पौडेल
इति संवत् २०६८ साल चैत ५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०१५९, ०३७०, ०५१९, लागू औषध खैरो हेरोइन, *नेपाल सरकार वि. दारासिँह भन्ने दुर्गा पटेल, दुर्गा पटेल (राउत) वि. नेपाल सरकार, अशोककुमार महतो वि. नेपाल सरकार*

लागू औषध हेरोइन खरीद बिक्री, ओसार पसार र सञ्चय समेत गरेको भन्ने मुद्दा विशेष अदालत काठमाडौंबाट मिति २०५९।१०।१४ मा फैसला हुँदा निज प्रतिवादी दारासिँह भन्ने दुर्गा पटेलका हकमा अ.बं. १९० नं. बमोजिम मुलतवी राखिएको प्राप्त मिसिलबाट देखिएको र निजका हकमा सोही अदालतबाट उक्त मुलतवीबाट जगाई मिति २०६८।४।२५ मा फैसला हुँदा अभियोग दावीबाट सफाइ पाउने ठहऱ्याई फैसला भएको देखिन्छ । यसरी पुनरावेदक वादी नेपाल सरकारले दावी लिएको अभियोग दावीबाट निज प्रतिवादी दारासिँह भन्ने दुर्गा पटेलले विशेष अदालतबाट मिति २०६८।४।२५ मा सफाइ पाइसकेको अवस्था देखिँदा पटके कायम हुन नसक्ने ।

प्रतिवादी दुर्गा पटेलले बरामदी मुचुल्का आफ्नो रोहबरमा भएको कुरा स्वीकार नै गरिरहेको अवस्था रहेको र अर्का सहअभियुक्त प्रतिवादी अशोककुमार महतोले समेत अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा यी प्रतिवादी दुर्गा पटेल समेतबाट बरामदी मुचुल्कामा उल्लेख भएबमोजिमको लागू औषध आफूहरूको रोहबरमा भएको भनी स्वीकार गरिरहेको अवस्था देखिँदा यी पुनरावेदक प्रतिवादी दुर्गा पटेल अदालतमा आई बयान गर्दा इन्कार रहे तापनि सो इन्कारीलाई पुष्टि गर्ने कुनै आधार प्रमाणहरू पेश गर्न नसकेको अवस्थामा यी प्रतिवादी दुर्गा पटेलले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको मौकाको साविती बयानलाई अन्यथा भन्न सकिने अवस्था नदेखिँदा यी पुनरावेदक प्रतिवादी दुर्गा पटेल अभियोग दावीबमोजिमका कसूरदार होइनन् भन्न नसकिने ।

प्रतिवादीमध्येकै दुर्गा पटेलले समेत मौकामा गरेको कागजमा निज पुनरावेदक प्रतिवादी अशोककुमार महतो समेत भै लागू औषध कारोवार गर्ने गरेको भनी पोल गरिरहेको अवस्था देखिन्छ । यसरी उल्लिखित पुनरावेदक प्रतिवादी अशोककुमार महतोको मौकाको कागज, बरामदी मुचुल्का, सहअभियुक्तको पोललगायतका प्रमाणका आधारमा यी पुनरावेदक प्रतिवादी अशोककुमार महतो कसूरदार होइनन् भन्न नसकिने ।
इजलास अधिकृत: इश्वरीप्रसाद गौतम
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-०१८१, लागू औषध, *पन्नालाल यादव वि. नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्ष आफूले लागू औषधसम्बन्धी कारोवार गरेको कुरामा साविती भै कागज गरेको र सो कुरालाई खण्डन गर्न सक्ने कुनै आधार र प्रमाण पेश गर्न सकेको देखिँदैन भने अर्कोतर्फ यसै मुद्दाको लगाउ भै आएको फौ.पु.नं. ०६४-CR-०५१९, समेतको शुरू मिसिल हेर्दा उक्त मुद्दामा प्रतिवादी रहेका दिनेशकुमार जोशीको मौकाको बयानमा निज दिनेशकुमार जोशीले यी पुनरावेदक प्रतिवादी पन्नालाल यादवबाट लागू औषध खरीद गर्ने गरेको कुरामा स्वीकारै गरी बयान गरेको पाइएको र दिनेशकुमार जोशीले पुनरावेदक प्रतिवादी पन्नालालसँग फोन नं. ०५१-३०९७४ मा र प्रतिवादी अशोक महतोसँग फोन नं. ०५१-३०६१५ मा सम्पर्क गर्ने गरेको भनी बयान गरेको देखिन्छ । यी पुनरावेदक प्रतिवादी पन्नालालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागजमा उल्लेख गरेका सम्पर्क टेलिफोन नम्बर र दिनेशकुमारले उल्लेख गरेका सम्पर्क टेलिफोन नम्बरहरू समेत मिले भिडेको अवस्था देखिन्छ । यसरी उल्लिखित टेलिफोन

नम्बरहरूबाट यी पुनरावेदक प्रतिवादी पन्नालाल यादव र दिनेशकुमार जोशी तथा अशोक महतो समेतका व्यक्तिहरू एकआपसमा सम्पर्क गरी लागू औषधको कारोवार गर्ने गरेको कुरा पुष्टि भैरहेको देखिँदा प्रतिवादी पन्नालाल यादवलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (ङ) को कसूरमा सोही ऐनको दफा १४(१) को खण्ड (छ)(२) अनुसार १० वर्ष कैद र जरीवाना रू. ७५,०००।- (पचहत्तर हजार) हुने ।
इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल फागुन १ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको रि.नं. ०६४-WO-०३५४, उत्प्रेषण परमादेश, *पारस साह तेली समेत वि. नागेन्द्र ठाकुर हजाम समेत*

यिनै रिट निवेदक पारस साह तेलीले प्रत्यर्थी नागेन्द्र ठाकुर हजामउपर लुटपीट गर्‍यो भनी बारा जिल्ला अदालतमा दायर गरेको लुटपीट मुद्दा समेतमा बारा जिल्ला अदालतबाट मिति २०६३।६।२७ मा डिसमिस भएको कुरा प्रत्यर्थी नागेन्द्र ठाकुर हजामले पेश गरेको लिखित जवाफसाथ पेश गरेको फैसलाको छायाँकपीबाट समेत देखिन आउँछ । तर यी रिट निवेदक पारस साह तेलीले समेत यी उल्लिखित तथ्यहरूलाई प्रकट नगरी लोप गरी आफ्नो रिट निवेदनमा कहीं कतै उल्लेखसम्म पनि गरेको अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल माघ २९ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको साधक नं. RC-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामा भन्ने रामअवतार यादव समेत*

जाहेरी व्यहोरा, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, सो बयानलाई पुष्टि हुने गरी प्रतिवादीमध्येका मनोजकुमार यादवका ससुरा रघुनन्दन यादवले यी प्रतिवादीहरूलाई पोल गरी अदालतसमक्ष गरेको बयान । त्यसरी आफ्नै ससुराले पोल गर्नुपर्नेसम्मको युक्तिसंगत कारण नदेखिनुको साथै घटनास्थल परिस्थिति तथा घाँटी रेटिएको अवस्थामा रहेको लास प्रकृति मुचुल्का, धारिलो हतियारले घाँटी काटेको चोटको कारणबाट मृत्यु भएको पुष्टि हुने भन्ने पोष्टमार्टम रिपोर्ट, प्रतिवादीहरूको बयानबीच आपसमा तादात्म्यता रहेको र मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतसमक्ष आई किटानी बकपत्र गरिदिएको समेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू दाजुभाई रामअवतार यादव र मनोजकुमार यादवले अन्य आपराधिक प्रवृत्तिका मानिसहरूलाई भाडामा लिई पैतृक सम्पत्ति एकलौटी लिने खाने अभिप्रायले आफ्नै दाजु कमलनारायण यादव र भाउजु सतीदेवीलाई कर्तव्य गरी मार्न लगाएको कसूर स्थापित हुने ।
इजलास अधिकृतः बसन्तजङ्ग थापा
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको साधक नं. RC-००९४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डम्बरबहादुर तामाङ*

प्रतिवादी डम्बरबहादुर तामाङले पूर्व रिसइवी समेत लिई मिति २०६०।९।२५ गते मृतक कुमार तामाङसँग झगडा गरी आफूसँग भएको छुरीले मृतकलाई यत्रतत्र हानी मारेको तथ्य स्थापित हुन आएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूरमा सोही १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको साजाय हुने ।
इजलास अधिकृतः बसन्तजङ्ग थापा
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायाण दास,** २०६५ सालको ०६५-WO-०९३२, उत्प्रेषण समेत, *ओमलकुमारी तिवारी समेत वि. मुआब्जा वितरण कार्यदल, मुकाम का.म.न.पा. बागदरवार समेत*

निवेदकहरू र यी प्रत्यर्थीमध्येका सीताराम गौतमबीचको जग्गा बाँडफाँडको विवाद भूमिसुधार

कार्यालयको मिति २०५१।५।२१ को निर्णयबाट अघि नै निप्टारा भैसकेको कुरा भूमिसुधार कार्यालय, काठमाडौंबाट प्राप्त मिसिलबाट देखिइरहेको अवस्थामा त्यसै विषयमा अघि बनेको भूमिसम्बन्धी ऐन, २०२१ अनुसार जग्गा लिने दिने गरी विवादको अन्त्य भएपछि पुनः भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधन, २०५३ को दफा २६घ. मा भएको व्यवस्थाबमोजिमको सुविधा पाउनु पर्छ भन्ने प्रत्यर्थी सीताराम गौतमको भनाई कानूनसम्मत् मान्न सकिने अवस्था देखिँदैन भने अर्कोतर्फ उक्त जग्गामा निज प्रत्यर्थीले मिति २०६०।९।२४ मा आफूले मोही प्रमाणपत्र पाइसकेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिए तापनि त्यससम्बन्धमा भूमिसुधार कार्यालय काठमाडौंमा सोधनी गरी पठाउँदा उक्त कार्यालयको च.नं. १०३०८ मिति २०६७।३।१५ को पत्रबाट निजले उल्लिखित जग्गामा मोहीको प्रमाणपूर्जा पाएको भन्ने पनि देखिँदैन। उल्लिखित आधार र कारणबाट यी प्रत्यर्थी र निवेदकहरूबीच भूमिसुधार कार्यालय काठमाडौंबाट मिति २०५१।५।२१ मा नै भएको निर्णय र सम्झौताअनुसार निवेदकहरूले ३ खण्डको २ खण्ड जग्गा पाई एक खण्ड प्रत्यर्थीले जग्गामा मोहियानीबापत हकप्राप्त गरेको हुँदा सोहीअनसारको मुआब्जा कार्यदलको सिफारिशमा उनाउ अधिकार नभएको अनाधिकारिक संस्था काठमाडौं महानगरपालिका कार्यकारी अधिकृतले मुआब्जा उपलब्ध गराउने कुरामा दुबै पक्षको बीच हक हिस्सामा विवाद भएकाले हक कायम गराई ल्याउनु भनी मिति २०६५।११।४ मा गरेको निर्णय मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको ०६७-WO-१०५४, परमादेश, *कृष्णबहादुर कुँवर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

राज्यकोषबाट कुनै सुविधा लिइरहेको कुनै व्यक्तिले रू. ५००।- भन्दा बढी सुविधा पाएको रहेछ भने बुँदा नं. ४७ मा उल्लिखित सामाजिक सुरक्षा भत्ताबापतको रू. ५००।- नपाउने भन्ने कुरा स्पष्ट देखिन्छ। त्यसैगरी सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०६५ को दफा ७(१) मा उल्लिखित प्रतिवन्धात्मक वाक्यांशमा "तर, राज्यकोषबाट नियमितरूपमा उल्लिखित रकमभन्दा बढी सुविधा पाइरहेको व्यक्तिले यस व्यवस्थाबमोजिमको भत्ता वा वृत्ति पाउने छैनन्। यस प्रयोजनको लागि" राज्यकोषबाट प्राप्त सुविधा भन्नाले नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संघ संस्था कम्पनीबाट तलव, भत्ता पेन्सन वा यस्तै अन्य नाममा मासिकरूपमा प्राप्त हुने सुविधा समेतलाई जनाउनेछ" भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित प्रावधानलाई हेर्दा यी रिट निवेदक शिक्षक पेशामा रही हाल निवृत्तिभरण प्राप्त गरिरहेका व्यक्ति भएको भन्ने कुरा निजको रिट निवेदकको व्यहोराले नै स्पष्ट भैरहेको र निजले पाउने निवृत्तिभरणको रकम सामाजिक सुरक्षा भत्ताबापत दिई आएको मासिक रू. ५००।- भन्दा बढी नै पाइरहेकोले निवेदकको मागबमोजिम सामाजिक सुरक्षाभत्तातर्फको दावी कानूनसम्मत् नदेखिने।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६३-CI-१०३०, दर्ता बदर समेत, *न्हुच्छेमायाँ श्रेष्ठ समेत वि.मोहन श्रेष्ठ समेत*

कुनै पनि जग्गा निजी गुठी भन्नलाई दाताको स्रोत देखिनुपर्ने हुन्छ, दातासँग दावीकर्ताको सम्बन्ध देखिनु पर्दछ। सो जग्गा कुन प्रयोजनका लागि गुठी राखिएको हो। गुठीपत्र, दानपत्र, शीलालेख, ताम्रपत्र र ताडपत्र आदिबाट देखिनु पर्दछ। यस्ता लिखतका अलावा सो जग्गा निजी गुठीका रूपमा दाताका सन्तान दर सन्तानबीच प्रयोग भई आएको कुरा पनि प्रमाणबाट पुष्टि हुनुपर्दछ। यस्ता प्रमाण आपसमा भएका बण्डापत्र र बकसपत्र आदि हुन सक्दछन्। अड्डा अदालतमा परेका मुद्दा र तिनमा भएका फैसला पनि निजी गुठी

देखिने आधार हुन सक्दछन् । वादी पक्षले यस्ता कुनै आधार प्रमाण पेश गर्न सकेको पाइँदैन । यसका अतिरिक्त प्रस्तुत विवादमा पुनरावेदक वादीहरूले दावी लिएको कि.नं. २८० को जग्गाका दाताको स्रोत नै देखिँदैन । १८८१ सालको कागजमा दावीको जग्गा निजी हो भन्ने व्यहोरा जनाएको नदेखिएको र उक्त जग्गाको फिल्डबुकमा समेत निजी गुठी भन्ने उल्लेख भएको नदेखिँदा विवादित जग्गा राजगुठीमा दर्ता हुने जग्गा देखिँदा दर्ता बदर गरिपाऊँ भन्ने समेतको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल असोज ८ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६३-CI-१०२८, दर्ता बदर समेत, *न्हुच्छेमायाँ श्रेष्ठ समेत वि.मु.स. गर्ने सानुमाया देसार*
- ०६३-CI-१०२९, दर्ता बदर समेत, *न्हुच्छेमायाँ श्रेष्ठ समेत वि.मु.स. गर्ने रामचन्द्र देसार*

## इजलास न. ९

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०५१५, उत्प्रेषण परमादेश, *विष्णुबहादुर वानियाँ वि.जिल्ला प्रशासन कार्यालय धादिङ समेत*

कुनै पनि सरकारी काम कसैको निजी जग्गामा गर्नुपर्ने भए हाल विद्यमान कानूनी व्यवस्था अनुसार उचित क्षतिपूर्ति दिई अधिग्रहण गर्नुपर्ने हुन्छ । विगतमा रहेको कानूनी व्यवस्थाअनुसार निवेदकको अधिग्रहण गरिएको जग्गामा नै सडक बनाएको भए यसमा निवेदकले विवाद उठाउन नपाउनेसम्म हो । तर विगतमा लिएको जग्गा वाहेकको अन्य जग्गा अर्थात् कि.नं ७५० र ७५२ बाट २०५२/०५३ मा सडक बनाएको भन्ने हुँदा व्यक्तिगत अचल सम्पत्तिको प्रयोग सरकारी प्रयोजनका लागि गर्नु पर्दा वर्तमान कानूनी व्यवस्थाको परिपालना गर्नु विपक्षीहरूको कर्तव्य हो । विपक्षीबाट उक्त सडक विस्तार गर्ने क्रममा निवेदकको उपरोक्त जग्गामा बाटो बनाउदा तत्काल प्रचलित जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको कार्यविधि अपनाएको पाइएन । साथै साविकमा सडक बनेको निवेदकको जग्गा विना प्रयोजन रहेको भन्ने देखिएको र सो जग्गा फिर्ता समेत नगरेको देखिएको छ । यसरी निश्चित उद्देश्य अर्थात् सडक निर्माणका लागि भनी विना क्षतिपूर्ति अधिग्रहण गरिएको निवेदकको निजी जग्गा त्यस्तो उद्देश्य वा काममा प्रयोग नभएकोमा फिर्ता नगरी राख्नु पर्ने कुनै कारण विपक्षीबाट प्रस्तुत हुन सकेको छैन र त्यसरी राख्न सक्ने कानूनी आधार पनि रहे भएको नपाइदा उक्त जग्गामध्येबाट कालु पाण्डे सडकको स्तरोन्नति हुँदा उक्त सडकमा परेको जग्गाको क्षतिपूर्ति दिनु वा सोको सट्टामा विगतका उक्त सडकमा परी हाल खाली रहेको जग्गा सट्टा भर्ना दिनु र सो बमोजिम क्षतिपूर्ति वा जग्गा सट्टा भर्ना नदिई उक्त जग्गामा निवेदकको नामको लगत कट्टा नगर्नु नगराउनु साथै उक्त कि.नं ७५० र ७५२ को जग्गामध्ये सडकमा नपरी बाँकी रहेको जग्गामा कानूनविपरीत निवेदकको नामको लगत कट्टा नगर्नु तथा सो सम्बन्धी कारवाही यो आदेश प्राप्त भएका मितिले ६(छ) महिनाभित्र सम्पन्न गरी सोको जानकारी फैसला कार्यान्वयन निर्देशनालयलाई दिनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः अशोककुमार वस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-००२२, उत्प्रेषण परमादेश, *बलबहादुर नगरकोटी समेत वि.मालपोत कार्यालय कलंकी समेत*

निवेदन दावीमा निवेदकहरूले विवादित कि.नं. को स्रोत २०६०।७।२७ र २०६३।५।१६, २०६४।२।७ र २०६४।२।३१ को लिखत तथा मिति २०५५।१२।३० को निर्णयले जसमान नगरकोटीको नाम कट्टा भई कृष्णमान नगरकोटीको नाममा कायम भएको हो भनी उल्लेख गरेपनि कृष्णमान नगरकोटीका नाममा कायम स्रोस्ताका सम्बन्धमा के कसरी, कुन व्यहोराले आएको हो सो तथ्यमा मौन रहेको देखियो । मिति २०५५।१२।३० भन्दा अगाडि उक्त जग्गाको मूल स्रोत उल्लेख नगर्नुको

अलावा दावी गरिएको स्रोतका विषयमा छानबीन गर्ने क्रममा कानूनबमोजिम जग्गा दर्ता नभएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबीनपश्चात् भूमिसुधार तथा व्यवस्थापन विभागको निर्देशनबमोजिम मालपोत कार्यालय कलंकीले दूषित दर्ता सच्याएको कार्यले रिट निवेदकको कानूनी हक हनन भएको नदेखिने ।

हक प्राप्त हुन आएको जग्गाको स्रोत नै दूषित देखिएको भनी मालपोत कार्यालयबाट त्रुटि सच्याउने भनी मिति २०६६।५।८ मा गरेको निर्णय कानूनविपरीतको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार वस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

## रायबाझी फैसला

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CI-०६९७, अंश चलन, *हेरामाया भन्ने माया महर्जन समेत वि.उत्तमदेवी महर्जन समेत*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

कि.नं. ३०२ को जग्गा २०४९।९।७ मा जेठी सासूबाट वादी उत्तमदेवीका पति नररामले बकसपत्र गरी लिँदाकै बखत सो लिखतमा आफ्ना ज्वाँई नररामले रिझाएबापत हालैको बकसपत्र गरी दिएको भनी उल्लेख भएबाट नै सो जग्गा सगोलको सम्पत्तिबाट आर्जन वा खरीद गरी लिएको नभई निजी तवरबाट बकस पाएको देखिन आउँछ । कुनै अंशियारले आफ्नो ज्ञान, श्रम, सीप तथा निजी तवरबाट बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति मुलुकी ऐन, अंशबण्डाको महल नं. १८ नं. बमोजिम अन्य अंशियारको अंश नलाग्ने अवस्थाको सम्पत्ति भन्ने देखिन्छ । पुनरावेदन जिकीरबमोजिम सगोलको सम्पत्तिबाट सो जग्गा खरीद गरेको भए लिखतमा रिझबापत ज्वाँईलाई बकस गरी दिएको भनी उल्लेख भएकोमा सोउपर मौकैमा उजूर गरी अन्यथा प्रमाणित गराउन सक्नु पर्नेमा प्रतिवादीले सो गर्न सकेको देखिँदैन । अन्यथा स्थापित वा प्रमाणित नहुँदासम्म दावीको कि.नं. ३०२ को जग्गा वादीका पति पिता नरराम महर्जनले बकसपत्रबाट पाएकोले निजको निजी आर्जनको भई अन्य अंशियारलाई अंश नलाग्ने सम्पत्ति रहेको मान्नुपर्ने हुन्छ । निज नररामको मृत्यु भएपछि निजकी पत्नी उत्तमदेवी समेतको नाममा नामसारी भएको सो जग्गा निज उत्तमदेवीले नन्ददेवीलाई राजीनामा गरी दिएकोमा सो जग्गा अन्य अंशियार समेतको अंश लाग्ने सगोलका सम्पत्ति भए सो राजीनामा लिखत बदर गराउन सोही समयमा नालेस दिई आफ्नो हकको जति सम्पत्ति फिर्ता लिन सक्नु पर्नेमा सो केही नगरी प्रतिवादीहरूले चित्त बुझाई बसेको देखिन्छ । प्रस्तुत अंश मुद्दाको फिराद मिति २०६०।८।२ मा दायर भएको र तत्पश्चात् सो जग्गा नन्ददेवीबाट यी वादी उत्तमदेवीले मिति २०६०।९।२३ मा हालैको बकसपत्रबाट प्राप्त गरेको देखिन आएकोले अघि वादी नररामले आफ्नी जेठीसासूबाट हा.व. बाट प्राप्त गरेको र पछि यिनै वादी उत्तमदेवीले अंश मुद्दाको फिराद परेपछि हालैको बकसपत्रबाट प्राप्त गरेको समेत अवस्था हुनाले मानो छुट्टिएको मितिपश्चात् प्राप्त उक्त कि.नं. ३०२ को जग्गा अंशबण्डाको १८ नं. समेतले पाउने यी वादीको निजी हकको भई अन्य अंशियारको अंश हक नलाग्ने ।

निजी तवरबाट आफूले प्राप्त गरेको अन्य अंशियारको अंश नलाग्ने जग्गामा बनेको घर यो मितिमा यसरी सगोलको आर्जनको रकमबाट बनेको हो भनी स्पष्टरूपमा देखिने कुनै निश्चित् र आधारभूत प्रमाण समेत यी पुनरावेदक प्रतिवादीले दिन, पेश गर्न सकेको छैन । प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार "कुनै खास कुरा प्रमाणित गर्ने भार कुनै खास व्यक्तिको हुनेछ भनी नेपाल कानूनमा व्यवस्था भएकोमा बाहेक त्यस्तो कुरा प्रमाणित गर्ने भार सो कुराको अस्तित्वमा अदालतलाई विश्वास दिलाउन चाहने व्यक्तिमा हुनेछ" भन्ने व्यवस्था भएको र प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले सो कुरा प्रमाणित गर्न सकेको नदेखिँदा निश्चित् र आधारभूत प्रमाण बिना सो घर सगोलको आर्जनबाट तथा सगोलमा रहँदा बनेको हो भनी अदालतबाट आधारहीन अनुमान गर्न मिल्दैन । तसर्थ वादीले निजी तवरबाट बकसपत्रद्वारा प्राप्त गरेको सो कि.नं. ३०२ को जग्गामा बनेको घर अन्य अंशियारको अंश हक नलाग्ने ।

कि.नं. ३०२ को क्षेत्रफल ०-३-२-० जग्गा वादीको पति नररामले बकसपत्रबाट निजी तवरमा प्राप्त गरेपछि सो जग्गा अरूलाई बिक्री भइसकेकोमा प्रस्तुत अंश मुद्दा दायर भएपश्चात् अर्थात् मानो छुट्टिएपश्चात् वादी उत्तमदेवी महर्जनको नाउँमा प्राप्त भएको देखिएको र सो जग्गामा बनेको घर सगोलको आर्जनबाट बनेको देखिने आधारभूत प्रमाण प्रस्तुत हुन नसकेको अवस्थामा सो जग्गा र घर पाउनेको निजी भई कानूनबमोजिम अन्य अंशियारको अंश हक लाग्ने नभएको, कि.नं. ३७९ र ३४७ को जग्गा बिक्रीका सम्बन्धमा परेको लिखत बदर मुद्दा खारेज हुने ठहरेकोले सो रकममा प्रतिवादीले दावी गर्न नमिल्ने तथा मोटरसाइकल र वादीले सञ्चालन गरेको चार लाख बराबरको खुद्रा पसल समेतको सम्पत्ति सगोलको सम्पत्ति नदेखिँदा सो सम्पत्ति बाहेक अन्य सम्पत्तिमा वादी दावीबमोजिम चार भागको एक भाग अंश पुनरावेदक प्रतिवादीहरूबाट पाउने ।

**मा.न्या.श्री भरतराज उप्रेतीको रायः**

सगोलका अंशियारका नाममा भएको जग्गा बकसपत्रबाट प्राप्त गरेको भन्ने एकमात्र आधारमा बण्डा नलाग्ने भनी ठहऱ्याउन न्यायको दृष्टिबाट उपयुक्त हुने देखिँदैन । त्यसमाथि पनि दावीको कि.नं. ३०२ को जग्गा हाल अंशियारभित्रकै व्यक्तिको नाममा कायम भइरहेको हुँदा झनै सगोलमा रहेको सम्पत्ति बण्डा नलाग्ने भन्न मिलेन । सगोलका अंशियारका नाममा रहेको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सबै अंशियारको बण्डा लाग्ने सम्पत्ति हो भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) मा व्यवस्था भएको देखिन्छ । प्रस्तुत मुद्दाका पुनरावेदक वादीले सो जग्गा आफ्नो यो यस आर्जनले खरीद गरेको हो भनी सप्रमाण जिकीर लिन नसकेको अवस्थामा त्यस्तो सम्पत्ति बण्डा नलाग्ने भन्न नमिल्ने ।

कि.नं. ३४७ र कि.नं. ३७९ को जग्गा वादी नररामले आमा माया महर्जनबाट प्राप्त गरेको भन्नेमा विवाद छैन । सो जग्गा यी वादीले आफ्ना नाममा नामसारी गरी मिति २०६०।७।२७ मा राहुल विलवेल प्रा.लि.लाई रू. २१,००,०००।- मा बिक्री गरेको मिसिल संलग्न राजीनामाको फोटोकपीबाट देखिन्छ । सगोलको सम्पत्ति अर्थात् उक्त जग्गा बिक्री नहुँदा बण्डा लाग्ने तर सो जग्गा बिक्रीबाट प्राप्त भएको रकम भने बण्डा नलाग्ने भनी तर्क गर्न न्यायसंगत् हुने देखिँदैन । सो कि.नं. ३४७ र कि.नं. ३७९ को जग्गा वादीले बिक्री गरी प्राप्त गरेको रकम समेत बण्डा लाग्ने ।

तर सहयोगी मा.न्या.को फरक राय रहेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छन्:

- २०६६-CR-०४६४, जालसाज, *हेरामाया भन्ने माया महर्जन समेत वि.उत्तमदेवी महर्जन समेत*
- २०६६-CI-०६९८, लिखत बदर, *हेरामाया भन्ने माया महर्जन समेत वि.उत्तमदेवी महर्जन समेत*

## अन्तरिम आदेश

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती, मा.न्या.श्री भरतराज उप्रेती, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं.०६८-WO-०५९९, उत्प्रेषणयुक्त परमादेश, *सुरेशप्रसाद यादव वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रचलित कानूनबमोजिम नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व, लगानी वा नियन्त्रण रहेको वा नेपाल सरकारले व्ययभार वहन गर्नुपर्ने वा नेपाल सरकारको दायित्व रहेको वा नेपाल सरकारअन्तर्गत सञ्चालन हुने वा नेपाल सरकारको समेत प्रतिनिधित्व हुने सार्वजनिक प्रकृतिका आयोग, परिषद्, बोर्ड, समिति, संस्थान, कोष, केन्द्र, निगम, प्राधिकरण र कम्पनीजस्ता सार्वजनिक निकायका अध्यक्ष, सभापति, महाप्रबन्धक, सञ्चालक, निर्देशक, प्रशासक, महासचिव, सदस्य सचिव, सचिव, कोषाध्यक्ष तथा सदस्य समेतका सार्वजनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने पदाधिकारी

नियुक्त गर्ने सम्बन्धमा नेपाल सरकार वा विभागीय मन्त्रीको निर्णयबाट तोकिने पदावधिका सम्बन्धमा निम्न अवस्था विद्यमान रहेको भनी प्रस्तुत रिट निवेदनको सुनुवाईको सन्दर्भमा संयुक्त इजलासबाट मिति २०६८।१०।४ मा भएको आदेशमा उल्लेख गरिएको पाइन्छ :

(क) सम्बन्धित ऐनमा नै किटानी पदावधि रहेको,
(ख) ऐनअन्तर्गत बनेको नियममा पदावधि किटान रहेको,
(ग) विकास समिति ऐनअन्तर्गत गठित समितिको गठन आदेशमा नै पदावधि किटान रहेको,
(घ) नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा पदावधि किटान गरेको,
(ङ) सरकारी लगानीका कम्पनीको प्रबन्धपत्र तथा नियमावलीद्वारा पदावधि किटान गरेको,
(च) सरकारको निर्णयबाट पदावधि किटान गरेको,
(छ) सरकारको पत्रद्वारा पदावधि किटान गरेको,
(ज) कुनै कानूनी स्रोत नखुलाइएको कार्यविधि/निर्देशिकाबाट पदावधि किटान गरेको,
(झ) नेपाल कानूनमा पदावधि किटान गरे पनि सो अवधिमध्ये केही अवधि वा "बढीमा" भनी नियुक्ति दिने गरेको, र
(ञ) सम्बन्धित सरकारी संस्था/कम्पनीको निर्णयबाट पदावधि किटान गरेको ।

सार्वजनिक निकायका सार्वजनिक पदहरूमा नेपाल सरकारका तर्फबाट भएका नियुक्ति वा मनोनयनहरूका सम्बन्धमा सम्बन्धित कानून वा नियुक्तिसम्बन्धी पत्रमा किटान गरिएको अवधिभन्दा पहिले नै सेवाबाट हटाइएको, अवकाश दिइएको वा वर्खास्त गरिएको सम्बन्धमा यस अदालतसमक्ष दायर हुने गरेका रिट निवेदनहरूका सम्बन्धमा यस अदालतबाट जारी हुने गरेका आदेशहरूको प्रकृति निम्नानुसार रहेको पाइयो भन्ने समेत संयुक्त इजलासको मिति २०६८।१०।४ को उक्त आदेशमा उल्लेख छ :

निवेदक चन्द्रबहादुर शाही विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयसमेत भएको रिट नं. ०६८-WO-०३६६, निवेदक ममता झा विपक्षी राष्ट्रिय सहकारी विकास वोर्डसमेत भएको रिट नं. ०६८-WO-२५९, निवेदक योगेन्द्र महतो विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६८-WO-०४५३, निवेदक भरतप्रसाद महतोसमेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६८-WO-०५४७, निवेदक हरिनारायण साह विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६८-WO-०५३४, निवेदक महेशबहादुर बस्नेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६७-wo-१२३३, निवेदक रमेशकुमार अर्याल विपक्षी उद्योग मन्त्रालय सिंहदरवारसमेत भएको रिट नं. ०६८-wo-०३४१, निवेदक गौतममान श्रेष्ठ विपक्षी उद्योग मन्त्रालय सिंहदरवारसमेत भएको रिट नं. ०६८-WO-०३४३, निवेदक रमेशकुमार श्रेष्ठ विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं.०६८-wo-०४६०, निवेदक भैरबबहादुर बोहरा विपक्षी उद्योग मन्त्रालय सिंहदरवारसमेत भएको रिट नं. ०६८-WO-०३७१, निवेदक देवनारायण राय यादवसमेत विपक्षी साझा प्रकाशन सहकारी संस्था लिमिटेडसमेत भएको रिट नं. ०६८-WO-०३९०, निवेदक दयानन्द गोइत विपक्षी साझा स्वास्थ्य सेवा सञ्चालक समितिसमेत भएको रिट नं. ०६८-wo-०५०७, निवेदक मेदिनीप्रसाद न्यौपाने विपक्षी उद्योग मन्त्रालय सिंहदरवारसमेत भएको रिट नं. ०६८-WO-०३६०, निवेदक प्रमिलाकुमारी यादव विपक्षी वाणिज्य तथा आपूर्ति मन्त्रालयसमेत भएको रिट नं. ०६८-WO-०४५४, निवेदक मझीलाल थारु थनेत विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६६-WO-०१७० समेतका रिट निवेदनमा अन्तरिम आदेश जारी गर्ने आदेश भएका पाइन्छन् ।

निवेदक महेश दत्त विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६७-wo-१११, निवेदक चुमनबाबु केवट विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६८-WO-०४९८, निवेदक अजवलाल यादव विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६८-WO-०४७२ समेतका रिट निवेदनमा अन्तरिम आदेश जारी नगर्ने गरी यस अदालतबाट आदेश भएको पाइन्छ ।

०६८-WO-०५२४ को निवेदनमा "बढीमा" भन्ने शब्द प्रयोग गर्दै पदावधि तोकी नियुक्ति दिइएकोमा अन्तरिम आदेश जारी गर्न इन्कार गरिएको पाइन्छ। तर, यस्तै "बढीमा" उल्लेख भई नियुक्ति दिइएका निवेदक मझीलाल थारु थनेत भएको रिट नं.०६६-WO-०१७० मा र निवेदक लोकप्रसाद भुर्तेल भएको रिट नं. ०६६-wo-००६८ को रिट निवेदनमा भने अन्तिम सुनुवाई भई रिट नै जारी भएको अवस्था छ। साथै रिट निवेदक कृष्णप्रसाद लम्साल भएको २०४८ सालको रिट नं. २७३७ को निवेदनमा पनि स्वच्छ सुनुवाईको हकको प्रत्याभूति गर्दै रिट नै जारी भएको अवस्था छ।

हरिप्रसाद शर्मा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं. ०६८-WO-०५२४ मा पूर्ण इजलासबाट नियुक्ति पाउने पदाधिकारीको पदावधिको हकमा "बढीमा" भन्ने शब्द अंकित रहेको कारण अन्तरिम आदेश जारी नहुने निर्णय गरी त्यस्तो अवस्थामा अन्तरिम आदेश जारी नगर्ने न्यायिक प्रचलन कायम हुनपर्ने आदेश जारी भयो। तर, सोपश्चात् पनि रिट नं. ०६८-wo-०५४७ मा "बढीमा" भन्ने शब्द गठन आदेशमा भई सोहीअनुरुप नियुक्ति भएको अवस्थामा अन्तरिम आदेश जारी गरिएको समेत पाइयो।

प्रचलित कानूनहरू अध्ययन गरी हेर्दा विकास समिति ऐन २०१३, नगर विकास ऐन २०४५, नगर विकास कोष ऐन २०५३, नेपाल इन्जिनीयरिङ्ग परिषद् ऐन २०५५, खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३, खानेपानी महसूल निर्धारण आयोग ऐन २०६३, गुठी संस्थान ऐन २०३३, लुम्बिनी विकास कोष ऐन २०४२, पशुपतिक्षेत्र विकास कोष ऐन २०४४, समाज कल्याण ऐन २०४९, वृहत्तर जनकपुरक्षेत्र विकास परिषद् ऐन २०५५, राष्ट्रिय महिला आयोग ऐन २०६३, नेपाल प्रज्ञा प्रतिष्ठान ऐन २०६४, संस्थान ऐन २०२१, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५, उच्च माध्यमिक शिक्षा ऐन २०४६, खेलकूद विकास ऐन २०४८, नेपाल वायुसेवा निगम ऐन २०१९, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, नेपाल पर्यटन बोर्ड ऐन २०५३, वैदेशिक रोजगार ऐन २०६४, नेपाल मेडिकल काउन्सिल ऐन २०२०, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन २०४७, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन २०५३, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन २०५७, नेपाल फार्मेसी परिषद् ऐन २०५७, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन २०६३, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६४, नेपाल नर्सिङ्ग परिषद् ऐन २०५२, नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन २०५३, राष्ट्रिय दुग्ध विकास वोर्ड ऐन २०४८, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन २०४९, राष्ट्रिय सहकारी विकास बोर्ड ऐन २०४९, कर्मचारी सञ्चय कोष ऐन २०१९, राष्ट्रिय वीमा संस्थान ऐन २०२५, नागरिक लगानी कोष ऐन २०४७, राष्ट्रिय समाचार समिति ऐन २०१९, गोरखापत्र संस्थान ऐन २०१९, सञ्चार संस्थान ऐन २०२८, प्रेस काउन्सिल ऐन २०४८, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन २०४८ र दूरसञ्चार ऐन, २०५३ जस्ता ऐनहरूअन्तर्गत गठन हुने सार्वजनिक प्रकृतिका आयोग, परिषद्, बोर्ड, समिति, संस्थान, प्राधिकरण र कम्पनीजस्ता निकायहरू राष्ट्रिय वा जनसरोकारको कुनै विकास कार्य वा सेवा सञ्चालन गर्नका लागि स्थापित निकायहरू हुन्। नेपाल सरकारद्वारा वा नेपाल सरकारका तर्फबाट तिनीहरूमा नियुक्त हुने पदाधिकारीहरू सार्वजनिक पदाधिकारी हुने हुँदा त्यस्ता निकायहरूको काम, कर्तव्य, लाभ, हानि, प्रभावकारिता, कार्यकुशलता तथा तिनीहरूले प्रदान गर्ने सेवाको गुणस्तरमा समस्त नागरिकहरूको सरोकार रहन्छ। यस्ता निकायहरू नागरिकले तिर्ने करबाट सञ्चालित हुन्छन् र तिनीहरूले प्रदान गर्ने सेवा, सुविधा र प्रतिफलमा समस्त नागरिकहरूको अधिकार हुन्छ। तसर्थ, यस्ता निकायहरूमा हुने नियुक्तिमा सुशासनका मूल्य र मान्यताहरूको परिपालन हुन आवश्यक हुन्छ।

सुशासनलाई नीतिका रुपमा मात्र आत्मसात् नगरी नेपालले कानूनी रुपमा नै ग्रहण गरेको छ। "मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी र जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनजस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात्

गरी सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने व्यवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने" उद्देश्य प्रस्तावनामा समेटेर तिनको परिपालन गर्न गराउन सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मिति २०६४।१०।२३ देखि लागू रहेको छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३ ले नेपाल सरकार, दफा ४ ले मन्त्रालय तथा विभागहरू, दफा ५ ले नेपाल सरकारले गठन गर्ने सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य यस्तै निकाय र दफा ३६ ले संवैधानिक निकाय, स्थानीय निकाय, नियमनकारी निकाय (रेगुलेटरी बडी) वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थासमेतलाई ऐनको परिधिमा पारेको छ ।

उक्त ऐनको दफा ६ ले व्यवस्था गरेको प्रशासकीय कार्य सञ्चालनका आधारअन्तर्गत खासगरी देहायका व्यवस्थालाई विशेष महत्व दिइएको छ :-

(ग) कानूनको शासन,
(ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता, तथा इमान्दारिता,
(च) आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन र
(छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता ।

त्यस्तै सोही ऐनको दफा १६ ले निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने कुरालाई र दफा १७ ले निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने कुरालाई अनिवार्य मानेको देखिन्छ ।

उपरोक्तबमोजिम कानूनद्वारा स्थापना वा गठन हुने सार्वजनिक निकायहरूमा सार्वजनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने पदाधिकारीहरूको सरकारद्वारा नियुक्ति गर्ने निर्णय प्रशासनिक कार्य हो । यस्तो कार्य सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को परिधिमा पर्दछ । त्यस्ता निकायहरू जनजीविकासँग सम्बन्धित सार्वजनिक सेवाहरू प्रदान गर्न तथा देशको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक आदि विविध पक्षहरूको विकासका लागि कानूनद्वारा स्थापना भएका हुँदा तिनीहरू राज्य संयन्त्र (State Instrumentalities) अन्तर्गत पर्दछन् । यस्ता संयन्त्रहरूको सार्वजनिक काम, कर्तव्य, अधिकार र दायित्व रहने हुँदा तिनीहरूमा सरकारद्वारा पदाधिकारीहरूको नियुक्ति वा मनोनयन गर्दा पनि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले तोकेका सम्पूर्ण पूर्वावस्था र प्रक्रियालाई विचार गरी गर्नु वाञ्छनीय हुन्छ । यस परिप्रेक्ष्यमा सरकारी नियुक्तिद्वारा कसैलाई सार्वजनिक प्रकृतिका आयोग, परिषद्, समिति, संस्थान, कोष, बोर्ड, केन्द्र, निगम र कम्पनी आदिको अध्यक्ष, सभापति, महाप्रबन्धक, सञ्चालक, निर्देशक, प्रशासक, महासचिव, सचिव, सदस्यसचिव, कोषाध्यक्ष र सदस्य आदि पदहरूमा नियुक्त गर्दा र त्यस्तो पदबाट हटाउँदासमेत निर्णयकर्ताको निर्णयमा आधार र कारण खोली पारदर्शिता, वस्तुनिष्ठता र इमान्दारिता प्रष्टरुपमा झल्कनु पर्ने सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को भावना र मनसाय रहेको पाइन्छ ।

यस परिप्रेक्ष्यमा सार्वजनिक पदका लागि भएका नियुक्तिका सम्बन्धमा विचार गर्दा, अख्तियारप्राप्त अधिकारीद्वारा विधिसम्मत प्रक्रियाबाट भएको कुनै पनि निर्णयलाई विधिवत् चुनौती दिई सो बदर नभएसम्म त्यस निर्णयले कानूनी अधिकार र दायित्व सिर्जना गर्दछ । सार्वजनिक निकायमा सार्वजनिक पदाधिकारी नियुक्त गर्ने कानूनी अख्तियारीअन्तर्गत नेपाल सरकार वा नेपाल सरकारको कार्यसम्पादन नियमावलीद्वारा अख्तियारी प्राप्त भएअनुरूप भएका निर्णयलाई कानूनप्रतिकूल भएको कामकारवाही मान्न मिल्दैन । त्यस्ता निर्णयबाट नियुक्ति पाउनेले तलव भत्तासमेतका सुविधा प्राप्त गर्दछ र राष्ट्रसेवकका रुपमा निजको दायित्व सिर्जना हुन्छ । सरकारको सञ्चालक मन्त्रिपरिषद् तथा मन्त्रीहरू हेरफेर हुँदैमा यसको निरन्तरता टुट्दैन र कानूनबमोजिम अघिल्लो मन्त्रिपरिषद् वा मन्त्रीले गरेको निर्णयको जिम्मेवारी पछिल्लो मन्त्रिपरिषद् वा मन्त्रीले लिनुपर्दैन भन्न मिल्दैन । राज्य र सरकारको यही सम्बन्धको संवैधानिक तथा कानूनी प्रकृतिले नै शासन र सुशासनलाई निर्देशित गरिरहेको हुन्छ ।

नियुक्ति पाउनेले तोकिएको अवधिसम्म प्रचलित कानूनअनुरूप काम गर्न पाउने र सोबापत तलव भत्ता सुविधा पाउने वैध अपेक्षा (Legitímate expectation) राख्नु स्वाभाविक नै हुन्छ । ऐन, नियम, सूचित आदेश तथा निर्णयसमेतबाट कुनै अवधि तोकी दिइएको नियुक्तिपत्रमा तोकिएको अवधिसम्म काम गर्न पाउने वैध अपेक्षा राख्न पाउने हक भएको व्यक्तिका हकमा विना कानूनी प्रक्रिया नियुक्तिकर्ताको ईच्छानुकूलताको सिद्धान्त (Doctrine of pleasure) क्रियाशील हुन सक्तैन । सरकार वा सार्वजनिक पदाधिकारीका ईच्छा पनि कानून र न्यायका मान्य सिद्धान्तअनुरूप नै परिचालित हुनुपर्दछ । निर्णय गरेपछि निर्णयकर्ता सरकार वा पदाधिकारी प्रतिज्ञात्मक विवन्धन (Promissory estoppel) मा बाँधिन्छ । नियुक्तिपत्रमा 'बढीमा' भन्ने शब्दका साथ अवधि तोकिएबाट जुनसुकै बेला पनि हटाइन सक्ने मानी निजको पदउपरको हक परित्याग गरेको अर्थात् समर्पण (Waive) गरेको भन्ने अर्थ लाग्न सक्तैन । प्रचलित कानूनविरुद्ध कामकारवाही गरेमा, सम्बन्धित सार्वजनिक निकायका लागि कुनै योगदान दिन नसकेमा र निजलाई दिइएको जिम्मेवारी सुहाँउदो निजको योग्यता र अनुभव नभएमा नियुक्तिपत्रमा जे जस्तो भाषा लेखेर दिएको भए पनि नियुक्ति दिने अख्तियारवालाले अवकाश पनि दिन सक्ने नै हुन्छ । तर, अवकाश स्वेच्छाचारी र विना कारण भने हुनु हुँदैन । सिर्जित कानूनी हकको समाप्ति विधि र प्रक्रियाअनुसार नै हुनुपर्दछ । निर्णय गर्न सक्षम निकाय वा पदाधिकारीले निर्णय गरी पदावधि तोकी वा कानूनमा नै पदावधि उल्लेख भएकोमा सो समेत नतोकी जे जस्तो रुपमा नियुक्ति दिइएको होस्, सो विधिवत् छ र चुनौतीरहित छ भने त्यसबाट नियुक्ति पाउनेको कानूनी हक सिर्जना हुन्छ ।

निश्चित समयावधिभित्र निश्चित कुराको छानवीन वा जाँचबुझ वा कार्यसम्पादन गर्न जांचबुझ आयोग ऐन, २०२६ वा कार्यपालिकीय अधिकारअन्तर्गत गठन हुने आयोग वा समिति समेतमा गरिने नियुक्तिका हकमा भने त्यस्ता निकाय अस्थायी प्रकृतिका हुने भई तोकिएको काम समाप्त भएपछि स्वतः विघटन हुने भएबाट नियुक्ति पाउनेको हक स्थायी प्रकृतिका सार्वजनिक निकायको नियुक्तिबाट प्राप्त भए सरहको हक सिर्जना भएको मान्न सकिन्न । यसैगरी कम्पनी ऐन, २०६३ को दफा ९०(२)(१) अनुरूप नेपाल सरकारले आफ्नो प्रतिनिधिस्वरुप पठाउने सञ्चालकका हकमा पनि सो पदमा निजको हक सिर्जना भएको मान्न मिल्दैन । कारण नेपाल सरकारको शेयर लगानी भएका समेतका कारणबाट आफ्नो हितका लागि पठाइने सञ्चालकको कानूनी हैसियत केवल वारेस सरह मात्र हुन्छ । पब्लिक कम्पनीमा नेपाल सरकारले नियुक्त गर्ने सञ्चालक नियुक्तिकर्ताको ईच्छाअनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहने उक्त दफा ९०(२)(१) ले प्रष्ट गरेको छ ।

तर, मन्त्रिपरिषद् वा अख्तियारीप्राप्त मन्त्री समेतका निर्णयबाट सार्वजनिक निकायको स्थायी प्रकृतिका सार्वजनिक पदमा नियुक्ति पाई सो पदमा रहनेसमेतको कानूनी हक सिर्जना भएको व्यक्तिलाई के कति कारणले आफ्नो सेवाको अन्त्य गरिएको हो भन्ने जानकारी पाउने अधिकार रहन्छ । प्राकृतिक न्यायको सिद्धान्त यस्तो शाश्वत सिद्धान्त हो, जो कतै लेखिनु पर्दैन । प्राकृतिक न्याय सिद्धान्त लागू नहुने अवस्थाको कल्पना विधिकर्ताले गऱ्यो भने त्यसलाई प्रष्ट शब्दमा सम्बन्धित कानूनमा नै लेखिनु पर्दछ । कसैलाई अवकाश समेतका माध्यमबाट निजको सेवाको अन्त्य गर्नुपूर्व निजलाई सो बारेका आरोपका कारण खोली प्रष्टीकरण सोधिनुपर्ने हुन्छ र निजले प्रस्तुत गरेको प्रष्टीकरणको वस्तुगत मूल्याङ्कन गरी सो चित्त बुझ्दो र उचित नपाइएमा आधार र कारण खोली सम्बन्धित व्यक्तिलाई अवकाश वा बर्खास्त समेतका माध्यमले सेवाको अन्त्य गरिएको निर्णय गर्नुपर्ने हुन्छ । अन्यथा त्यस्तो निर्णयलाई स्वेच्छाचारी मान्नुपर्ने हुन्छ ।

प्रस्तुत विवादलाई उपरोक्त सन्दर्भमा विचार गर्दा निवेदकलाई नेपाल रेल्वे कम्पनीको महाप्रबन्धक पदमा नेपाल सरकारको मिति २०६८।४।४ को निर्णयबाट बढीमा दुई वर्षका लागि भनी नियुक्ति दिइएकोमा प्राकृतिक न्यायको सिद्धान्तविपरीत विना कुनै आरोप तथा बिना प्रतिवादको मौका स्वेच्छाचारी तबरबाट मिति २०६८।९।१२ मा अवकाश दिइएको देखिएबाट सो निर्णय कार्यान्वयन नगर्न र निवेदकलाई पूर्ववत् कामकाज गर्न दिन मिति २०६८।९।२७ मा यस अदालतको एक न्यायाधीशको इजलासबाट भएको अन्तरिम आदेशलाई निरन्तरता दिइएको छ ।

इति संवत् २०६८ साल चैत १७ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६८-WO-०८५४, उत्प्रेषण, परमादेश समेत, अन्तरिम आदेश जारी हुने/नहुने सम्बन्धमा, *रूपीयादेवी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनबमोजिम मुद्दा चली अदालतको न्यायिक कारवाहीको चरणमा रहेको अवस्थामा प्रतिवादीहरूलाई अदालतमा उपस्थित हुने म्याद गुजारी फरार रहेको अवस्थामा नै निजहरूको हकमा मुद्दा फिर्ता लिनुको कारण उल्लेख नगरिएको र त्यस्ता फरार प्रतिवादीहरूको हकमा पनि मुद्दा फिर्ता लिन निर्णय गर्दा न्यायिक कारवाहीको सर्वोपरिता र फौजदारी दायित्वको निर्वहनलाई पन्छाई राजनीतिक संरक्षणबाट कानूनी दायित्वको उन्मुक्तिको पृष्ठपोषण हुने हुनाले सो गम्भीर प्रश्न प्रस्तुत मुद्दामा उपस्थित भएको देखिन्छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९(१) को व्यवस्था जुनसुकै रीतले पनि क्रियाशील गर्न सकिने व्यवस्था नभई स्थापित सिद्धान्त र न्यायिक विवेकको आधारमा क्रियाशील गर्नुपर्ने व्यवस्था भएबाट विपक्षी मन्त्रिपरिषद्को मिति २०६८।११।१५ को निर्णयबाट निवेदनमा उल्लिखित प्रतिवादी मोसाफिर महतो कोइरीलगायतका फरार प्रतिवादीहरूको हकमा फिर्ता लिने कारवाही अघि बढाउन दिन मिल्ने नदेखिएकोले सो सम्बन्धी कारवाही जे जस्तो अवस्थामा छ सोही अवस्थामा राखी कार्यान्वयन नगर्नु नगराउनू भनी विपक्षीहरू सबैका नाममा अन्तरिम आदेश जारी हुने । इति संवत् २०६८ साल चैत १९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-WO-०८४०, उत्प्रेषण, परमादेश, समेत, *कमलप्रसाद इटेनी वि. मन्त्रिपरिषद्को कार्यालय समेत*

प्रस्तुत रिट निवेदनको लिखित जवाफसाथ प्रचलित नेपाल कानूनमा स्पष्ट व्यवस्था गरिएअनुसार सरकारी कामका लागि भएको भुक्तानी र दैवी प्रकोपमा परेका व्यक्ति तथा परिवारहरूलाई नियमबमोजिम भएको भुक्तानी बाहेक नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा स्वयं मन्त्रिपरिषद्को निर्णयअनुसार भनी विभिन्न अन्य व्यक्ति तथा संघ संस्थाहरूलाई आर्थिक सहयोग, चन्दा, औषधोपचार खर्चलगायत अन्य नाम, उपनाम दिई भुक्तानी गर्दा अपनाउनुपर्ने कुनै मापदण्ड बनाई लागू गरिएको भए सो मापदण्डको प्रमाणित प्रतिलिपि पेश गर्नु र साथै नियमित सरकारी सेवामा रहेका व्यक्ति बाहेकका व्यक्तिरूलाई आर्थिक वर्ष ०६३/०६४ देखि लिखित जवाफ पेश गर्दाको मितिसम्मको अवधिमा आर्थिक सहयोग, चन्दा, औषधोपचार खर्च, भ्रमण खर्चलगायत अन्य कुनै नामबाट भुक्तानी गरिएको जम्मा रकम र यस्तो भुक्तानी पाउनेहरूमध्ये रू. १,००,०००।- (एक लाख) भन्दा बढी रकम भुक्तानी प्राप्त गर्ने व्यक्ति तथा संस्थाको नाम समेत खुलाई सोको यथार्थ र वास्तविक प्रतिवेदन तयार गरी पेश गर्नु ।

आम नेपाली जनताबाट संकलन गरिएको राजश्वबाट संवैधानिक अख्तियारीबिना गैरकानूनी किसिमबाट बिना प्रयोजन नेपाल सरकारबाट खर्च गर्ने गराउने कार्य भएको भनी उक्त कार्य रोकी पाउन दायर भएको प्रस्तुत निवेदनमा सार्वजनिक सरोकार र राष्ट्र हितको प्रश्न समावेश भएको देखिन्छ भने अर्कातर्फ विपक्षीमध्येका प्रकाश दाहाललगायतका व्यक्ति विशेषलाई सगरमाथा आरोहणको प्रयोजनको लागि भनी रू. दुई करोड रूपैयाँ उपलब्ध गराउने बारेमा मन्त्रिपरिषद्को बैठकमा छलफल हुँदा मिति २०६८।१२।३ मा सहमति भएको भन्ने व्यहोरा यस अदालतको मिति २०६८।१२।६ को आदेशानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मिति २०६८।१२।८ को पत्रबाट देखियो । निज विपक्षी प्रकाश दाहाल कुनै सरकारी सेवामा नरहेका र प्रचलित नेपाल कानूनबमोजिम निजलाई कुनै सरकारी कामको जिम्मेवारी दिइएको भन्ने कुरा मन्त्रिपरिषद्को उक्त पत्रबाट नदेखिनुका साथै निजलाई उक्त रकम दिने सहमतिको निर्णय प्रचलित नेपाल कानूनमा गरिएको कुन व्यवस्थाअनुसार भए गरेको भन्ने समेत देखिएन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९१ ले सरकारी कोषबाट रकम झिक्दा वा खर्च गर्दा कानूनमा व्यवस्था भएको प्रक्रिया र उचित प्रयोजनको लागि मात्र खर्च गर्न वा झिक्न पाउने व्यवस्था गरेको परिप्रेक्ष्यमा मन्त्रिपरिषद्ले गैरकानूनी ढंगले सरकारी कोषमा व्ययभार हुने गरी कुनै पनि व्यक्ति वा समूहलाई कुनै महोत्सवको नाममा वा आर्थिक सहयोग, चन्दा,

उपहार वा स्वास्थ्य उपचार खर्चलगायतको नाममा सरकारी कोषबाट भुक्तानी लिने कार्य कानूनसम्मत् मान्न सकिने अवस्था नहुँदा निज प्रकाश दाहाल समेतलाई लुम्बिनी सगरमाथा शान्ति यात्रा तथा हिमाल महोत्सव सञ्चालनको नाममा रू. दुई करोड उपलब्ध गराउने भनी मन्त्रिपरिषद्बाट सहमति भएको भनिएको उक्त मिति २०६८।१२।३ को निर्णयलाई प्रस्तुत रिटको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु र कुनै पनि व्यहोराले उक्त उल्लिखित रकमको भुक्तानी नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६८ साल चैत २२ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको WO-०८१३, उत्प्रेषण समेत, *अशोक गिरी वि. कुरकुट यादव समेत*

निवेदकले निवेदनमा उल्लेख गरेको विवादित जग्गाको उत्पत्तिको स्रोत र पूर्ण भोगको प्रमाण के हो ? सो स्रोत र भोगको आधार यी रिट निवेदकसँग छ छैन ? भन्नेतर्फ हेर्दा निवेदकसँग निवेदन दावीमा उल्लेख गरेको जग्गाको साविक हकभोगको प्रमाण समेत केही देखिएको अवस्था छैन भने निवेदक स्वयंले विवादित जग्गा यो यस रीतले मेरा नाउँमा हकभोग कायम हुन आएको हो भनी निवेदन दावीमा भन्न र खुलाउन सकेको पाइँदैन । शुरूमै सो जग्गा निवेदकको नाउँमा दूषित दर्ता भई आएको देखिँदा निवेदकले दावी लिएको कि.नं. ४४२ को जग्गा साविक कि.नं. २१ बाट तह-तहगतरूपमा सार्वजनिक जग्गाकै रूपमा कित्ताकाट हुँदै आई बाँकी रहेको जग्गा देखिएको र उक्त साविक कि.नं. २१ को जग्गा सरकारी सार्वजनिक जग्गा रहेको कुरामा पनि विवाद नभएको र सो कुरामा निवेदकले समेत स्वीकार गरेको अवस्थामा दावीको जग्गा कुनै व्यक्ति विशेषले दावी लिँदैमा निजको नाममा दर्ता हुने अवस्थाको नदेखिँदा निवेदक मागबमोजिमको आदेश जारी हुन नसक्ने भएकोले प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई रहनु पर्ने अवस्था समेत देखिएन । तसर्थ रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको WO-०८१४, उत्प्रेषण समेत, *ठाकुरप्रसाद याखा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले साधारण कानूनी उपचार गराउने पर्याप्त बाटो अवलम्बन गर्ने अवस्था छँदाछँदै अर्थात् निवेदकले विपक्षी बनाएका निकायमा नै समयमै गई आफूलाई अन्याय परेको निवेदन दिन सक्ने अवस्था छँदाछँदै निवेदक बाटो बिराई प्रस्तुत रिट लिएर यस अदालतमा प्रवेश गरेको देखिन्छ । साथै रिट निवेदकले मिति २०६४।२।१६ को निर्णय बदर गरिपाऊँ भनी २०६८।१२।२८ मा करीब ४ वर्ष १० महिना १२ दिनपछि अत्यधिक विलम्ब गरी प्रस्तुत रिट निवेदन लिई यस अदालतमा आएको देखिन्छ । यसरी ४ वर्ष १० महिना १२ दिन अगावै भएको निर्णय बदर गरिपाउन यति लामो विलम्ब गरी आउनु पर्नाको विश्वसनीय आधार र कारण रिट निवेदकले निवेदनमा उल्लेख गर्न वा खुलाउन सकेको समेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**